चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily .com

जनहितमा जारी सन्देश
- महामारीको रुपमा मङ्कीपक्स आउँदैछ ।
- डेङ्गी र हैजाले पिरलो पारेकै छ ।
- वर्षात्को महीना भएकोले झाडा–पखाला पनि लाग्छ ।
किनकि;
- हामी स्वास्थ्य सतर्कताप्रति संवेदनशील छैनौं,
- शहर र सडक सफा राख्न खोज्दैनौं,
- सतर्क बनौं, विभिन्न ब्याधिबाट जोगिन घर–आँगन, सडक र शहर सफा राखौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ ०५ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 21 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०४

## मियाँको मृत्यु मेडिसिटीमा, प्रदर्शन नारायणीमा

प्रस, वीरगंज, ४ भदौ/

वीरगंज महानगरपालिका कार्यालयको सूचना प्रविधि शाखामा को मोटरसाइकलमा सवार बारा विश्रामपुर गाउँपालिका–५ बस्ने ३० वर्षीय जयमङ्गलप्रसाद गुप्ता र मोटरसाइकलको वयोधा अस्पतालमा भर्ना गरिएको थियो। हिजो उपचारको क्रममा उनको मृत्यु भएको विषयलाई लिएर आज नारायणी


तस्वीर: प्रतीक

कार्यरत फैजल मियाँको उपचारको क्रममा हिजो मृत्यु भएको विषयलाई लिएर आज वीरगंज–२ छपकैयावासीले नारायणी अस्पताल अगाडि प्रदर्शन गरेका छन् ।

मियाँको मृत्यु भएको विषयमा दोषीलाई कारबाईको माग गर्दै नारायणी अस्पताल अगाडि सडक जाम गरी टायर बालेर प्रदर्शन गरिएको थियो ।

साउन ३१ गते राति ११:५५ बजे वीरगंज महानगरपालिका–१६ माइधिया पोखरीनजीकै बाइपास सडकमा बिआर २२बिसी ०४९२ नम्बरको कारको पछाडि ठोक्किएर बा.प्र.०३–००५प ५७२२ नम्बर पछाडि बस्ने वीरगंज–२ छपकैया निवासी बस्ने २९ वर्षीय फैजल मियाँ घाइते भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ । सो दिनको बाइपास सडकको सिसिटिभी फुटेजमा तीव्र गतिमा आएको कार एक्कासि रोकिएको र एउटा मोटर साइकल कारको दाहिनेबाट गएर जोगिएको तर कारको पछाडिबाट आइर हेको मियाँ सवार मोटरसाइकल ठोक्किएको थियो। सिसिटिभी फुटेजमा मोटरसाइकलमा तीनजना सवार भएको देखिन्छ । तर प्रहरीले भने दुईजनाको नाम मात्र सार्वजनिक गरेको छ ।

घटनापछि मियाँलाई नेपाल मेडिसिटी अस्पताल अगाडि परिवारजन, आफन्त र वडावासीले ठक्कर दिने सवारी चालकविरुद्ध कारबाईको माग गर्दै प्रदर्शन गरेका हुन् ।

वयोधा मेडिसिटी अस्पतालमा मृत्यु भएको मियाँको शव शल्य परीक्षणको लागि नारायणी अस्पताल वीरगंज ल्याइएको थियो र सोही क्रममा आज बिहान १० बजेदेखि प्रदर्शन गरिएको हो।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता दीपक भारतीले कार र चालक प्रहरी नियन्त्रणमा रहेको र निजविरुद्ध मुद्दा दर्ता प्रक्रियामा रहेको जानकारी गराएका छन् ।

## पर्साको छवटा पालिकाको भवन छैन


भाडाको घरमा सञ्चालित बहुदरमाई, पटेर्वासुगौली, विन्ध्यवासिनी र जीराभवानी गापाको कार्यालय । तस्वीर: प्रतीक

नरेश यादव, पर्सागढी, ४ भदौ/

पर्सा जिल्लाको १४ पालिकामध्ये आठवटा पालिकाको मात्र भवन छ र छवटा पालिका भाडामा सञ्चालित छन्।

आफ्नै भवनमा सञ्चालित हुने पालिकाहरूमा वीरगंज महानगर, पर्सागढी, पोखरिया नगरपालिका र गाउँपालिकाहरूमा ठोरी, जगरनाथपुर, धोबिनी, कालिकामाई, पकाहामैनपुर छन्। बाँकी एउटा बहुदरमाई नपा र पाँचवटा गापा पटेर्वासुगौली, जीराभवानी, सखुवापरसौनी, विन्ध्यवासिनी, छिपहरमाई गरी पाँचवटा पालिका भाडामा सञ्चालित छन् ।

वीरगंज महानगरपालिका शुरूदेखि आफ्नै भवनमा सञ्चालनमा रहँदै आएको छ भने २०७४ सालमा स्थानीय तह अन्तर्गत पालिकाहरूको गठन भएपछि सर्वप्रथम पोखरिया नपा, ठोरी गापाले भवन निर्माण गरी कार्यालय सञ्चालन गर्दै आएका छन्। पर्सागढी नपाले हालै मात्र भवन निर्माण गरी सञ्चालनमा आएको छ। शुरूमा पर्सागढी नपा पनि लामो समय भाडामा सञ्चालन भएको थियो ।

जगरनाथपुर गापाले चार करोड लागतमा कार्यालय भवन निर्माण गरी सञ्चालनमा छ। धोबिनी, पकाहामैनपुर र कालिकामाई गापा पुरानो वडा कार्यालयमा थप भवन निर्माण गरी सञ्चालनमा छ। बहुदरमाई नपाका प्रमुख सिंहासन साहले कार्यालय सञ्चालनको लागि भवन निर्माण गर्ने निर्णय भएको तर कार्य शुरू नभएको बताए। हाल यो नपाको कार्यालयमध्ये स्वास्थ्य, शिक्षा, खेलकूद शाखा नगरप्रमुख साहकै घरमा सञ्चालित छ । उनी २०७९ सालको निर्वाचनमा जितेपछि अन्यत्र भाडामा रहेको सो शाखा आफ्नो घरमा स्थापना गरेका हुन् ।

छिपहरमाई गापाका उपाध्यक्ष लीलावतीदेवी कानूले गापामा रहेको एक बिघा छ कट्ठाको पोखरी जग्गामा कार्यालय भवन सञ्चालन गर्ने छ महीना अगाडि निर्णय भएको तर त्यसको लागि चालू आवमा बजेट भने विनियोजन नगरेको बताइन्। गापाको बजेट अहिले ३५ करोडभन्दा बढी छ। जनप्रतिनिधिहरू सो बजेटबाट सेवासुविधा लिन चुकेका छैनन्। २०७४ सालदेखि नै गापा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतहरू चार चक्के गाडीको शोख राख्दै आएका छन् भने वडाध्यक्षहरू गापाकै बजेटमा मोटरसाइकल, मोबाइललगायत सुविधा भोग गर्दै आएका छन् । तर गापाको कार्यालय भवन बनाउनेतर्फ भने उनीहरूको चासो छैन ।

## आम शैक्षिक हडताल गर्ने आजपाको चेतावनी

प्रस, वीरगंज, ४ भदौ/

आम जनता पार्टीका अध्यक्ष एवं सांसद प्रभु साहले सरकारले मधेसमा यथाशीघ्र विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था गर्न माग गर्दै सो नभए विद्यालय बन्द गरेर आम शैक्षिक हडतालमा उत्रिन जानाजान यस्तो गरेको आरोप लगाए। उनले युवाहरूलाई यो विषयमा अग्रसरता देखाउन पनि आह्वान गरे। मौलापुरकी


तस्वीर: प्रतीक

विद्यार्थी अनुपातमा शिक्षकहरूको व्यवस्था नगरे सम्पूर्ण विद्यालय बन्द गर्ने चेतावनी दिएका छन् ।

रौतहटको गुजरा नगरपालिकाको खत्वहियामा मङ्गलवार आयोजित कार्यक्रममा बोल्दै उनले विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था मधेसमा नभएको चर्चा गर्दै यसबारे सरकार गम्भीर हुनुपर्ने बताए । उनले मधेस प्रदेशमा विद्यार्थीको चाप बढिरहेको तर सो अनुरूप शिक्षकको व्यवस्था नहुँदा अध्यापनमा समस्या भइरहेको बताए ।

उनले विषयगत र तहगत शिक्षकको व्यवस्था हुनुपर्ने भन्दै आफ्नो पार्टीले सरकारको ध्यानाकर्षण गराउँदै आएको तर सरकार भने यस विषयमा गम्भीर नभएको आरोप लगाए । यथावस्थामा आजपा चुप नलागेर नबस्ने भन्दै उनले बाध्य हुने बताए। उनले विगतमा मधेसको शिक्षा राम्रो भएको र यहाँका शिक्षकहरूले अरूलाई शिक्षा दिंदै आए पनि अहिले पछाडि परेको र यस विषयमा मधेसवादी दलहरू पनि चुप लागेको भन्दै अबका दिनमा सुधार नभए आम शैक्षिक हडताल गरिने बताए ।

अध्यक्ष साहले शिक्षा ऐनको मापदण्ड अनुसार मधेसमा ५० विद्यार्थीमा एक शिक्षक हुनुपर्ने, पहाडमा ४० बराबर र हिमालमा ३५ विद्यार्थी बराबर एक शिक्षक हुनुपर्ने मापदण्ड रहेको र यसमा मधेसको हकमा विभेद भइरहेको बताए। शिक्षा मन्त्रालयले मधेसमा विद्यार्थी अनुसार शिक्षकको व्यवस्था नगरेको दोषारोपण लगाए ।

उनले शिक्षाविना मधेसको विकास, समृद्धि सम्भव नभएको भन्दै सरकारले मेयर रीनाकुमारी साहले पनि विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था हुनुपर्ने माग गरिन् । उनले शिक्षामन्त्री विद्या भट्टराईलाई ध्यानाकर्षणपत्र बुझाएको भन्दै अबका दिनमा पनि मन्त्रालय यस विषयमा गम्भीर नभए आन्दोलनको विकल्प नभएको बताइन् ।

आजपाका केन्द्रीय सदस्य डा हेमप्रसाद साहले मन्त्रीसम्मलाई ध्यानाकर्षण गराउँदा पनि शिक्षाजस्तो विषयमा हेलचेक्र्याइँ भइरहेको आरोप लगाए । आजपाका स्थानीय नेता सैफुल्लाहको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सामिना हुसेन, महासचिव त्रिभुवन साह, स्थायी कमिटी सदस्य लालबाबू मन्सुरी, नरेश तुराहा, चन्देश्वर बैठा, लखिन्द्र साहलगायतको सहभागिता थियो ।

## गौरमा बहुमुखी क्याम्पसको उद्घाटन

प्रस, रौतहट, ४ भदौ/

रौतहटको सदरमुकाम गौरमा राजर्षिजनक विश्वविद्यालय अन्तर्गत


तस्वीर: प्रतीक

पण्डित मङ्गलकुमार उपाध्याय बहुमुखी क्याम्पसको मङ्गलवार उद्घाटन भएको छ ।

गौर नगरपालिका–२ स्थित जुद्ध माध्यमिक विद्यालयको दलित छात्रावास भवनमा राजर्षिजनक विश्वविद्यालय अन्तर्गत पण्डित मङ्गलकुमार उपाध्याय बहुमुखी क्याम्पसको उपकुलपति अमर यादवले उद्घाटन गरेका थिए ।

मङ्गलकुमार उपाध्याय बहुमुखी क्याम्पसमा यसै शैक्षिक सत्रदेखि बिएस्सी कृषि र बिबिए सङ्काय सञ्चालन हुने बताइएको छ ।

गौर नगरपालिकाको आर्थिक सहयोगमा राजर्षिजनक विश्वविद्यालयले गौरमा बहमुखी क्याम्पसको सञ्चालन गरेपछि यस जिल्लाका विद्यार्थीहरूलाई सो विषयमा अध्ययन गर्न बाहिर जानुपर्ने अवस्थाको अन्त्य भएको छ ।

उपकुलपति यादवले विश्वविद्यालय स्थापना भएदेखि मधेसका आठ जिल्लामा प्राविधिकतर्फका बहुमुखी क्याम्पसहरू सञ्चालनमा ल्याउने योजना अनुरूप नै गौरमा मङ्गलकुमार उपाध्याय बहुमुखी क्याम्पस स्थापना गरिएको र यसै शैक्षिक सत्रदेखि दुईवटा विषयको अध्ययन शुरू हुने बताए ।

बिएसस्सी कृषि र बिबिए सङ्कायको अध्यापन शुरू गर्दा ३० प्रतिशत आरक्षण दिने पनि उनले बताए । सोमध्ये १० प्रतिशत जेहेन्दार तथा २० प्रतिशत विभिन्न जातजातिलाई प्रदान गरिने उनले प्रस्टयाए ।

विश्वविद्यालयका रजिस्ट्रार सत्यनारायण साहले गौरमा नगरप्रमुखले जग्गा उपलब्ध गराएर क्याम्पस सञ्चालन गर्नु सुखद भएको बताए ।

कार्यक्रमका सभापति नगरप्रमुख शम्भु साहले नगरवासीको चाहना एवं रौतहटवासीको स्नेह तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको साथ सहयोगको कारण गौरमा बहुमुखी क्याम्पस सञ्चालनमा आएको बताए। उनले यो वर्षदेखि दुई विषयको अध्ययन शुरू हुने र त्यसलाई आगामी वर्षमा वृद्धि गर्दै लग्ने बताए। क्याम्पसको स्तर वृद्धिको

(बाँकी दोस्रो पातामा)

**विचारसार र सूक्तिहरू**

**जीवनको यात्रा कतिकै सकसपूर्ण किन नहोस् बिखालु मानिसलाई पुनः जीवनमा प्रवेश गर्न नदिनुस् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# बेमौसमी तरकारी उत्पादन गरौं

**उत्पादनको हिसाबले हरियो तरकारी बालीलाई दुई भागमा वर्गीकरण गरिएको छ । मौसमी र बेमौसमी । मौसमी तरकारीहरू विशेष मौसममा मात्र उत्पादन हुन्छन् । यी तरकारीहरू प्राकृतिक मौसमको चक्र अनुसार उत्पादन हुने हो । कुनै खास मौसम प्राकृतिकरूपमैं केही तरकारी बालीका लागि अनुकूल हुन्छ । त्यस अवधिका लागि ताजा, स्वस्थ र सस्तो पनि हुन्छ । जस्तै गर्मी याममा टमाटर, काँक्रो, र बोडी स्वतःस्फूर्त उत्पादन हुन्छ भने जाडोमा बन्दा, काउली, मुला प्रशस्त उत्पादन हुन्छ । प्रतिकूल मौसममा पनि विभिन्न उपाय लगाएर उत्पादन गरिने तरकारीहरू बेमौसमी तरकारी हुन् । यी तरकारीहरू विशेष प्रविधि र व्यवस्थापन प्रयोग गरेर उत्पादन गरिन्छन् । बेमौसमी तरकारी उत्पादन गर्न प्लास्टिक टनेल, ग्रीन हाउस, र हाइड्रोफोनिक प्रविधिको प्रयोग गरिन्छ । यसरी उत्पादन गरिएका तरकारी केही महँगो हुने नै भयो ।**

**हाम्रो मुलुकले हरेक वर्ष ठूलो मात्रामा हरियो तरकारी आयात गर्छ । सन् २०२३, एक वर्षको मात्रै तथ्याङ्क हेर्ने हो भने करीब ३५ अर्ब रुपियाँ बराबरको हरियो तरकारी आयात भएको देखिन्छ । आयातित तरकारी अस्वस्थ, विषादियुक्त हुने त छँदैछ । यसरी बाहिरबाट आउने तरकारीमा ४० देखि ५० प्रतिशत बेमौसमी तरकारी हुन्छ । बेमौसमी तरकारी मात्रै मुलुकभित्र उत्पादन गर्ने हो भने वार्षिक १७ अर्बभन्दा बढी स्वदेशी मुद्रा विदेशिनबाट रोक्न सकिन्छ । अर्थात् वैदेशिक मुद्राको सञ्चिति वृद्धि हुन्छ । यसले स्वरोजगार सृजना गर्नुका साथै देशको व्यापारघाटा कम गर्न ठूलो टेवा पुर्‍याउँछ । नेपालमा बेमौसमी तरकारी खेतीको प्रचुर सम्भावना छ । हिमाल, पहाड र तराईमा विविध भूभाग, मौसम र जलवायुका कारण यहाँ वर्षैभरि विभिन्न तरकारी उत्पादन गर्न सकिन्छ । एकनासको भूगोल तथा मौसम रहेका अन्य मुलुकको तुलनामा बेमौसमी तरकारी उत्पादनका लागि हाम्रो मुलुकलाई लगानी र जोखिम कम पर्छ । किनभने यहाँको विविधता अनुसार तरकारीको जात चयन गर्न सक्यौं भने बेमौसममा पनि मौसम अनुकूल तरकारी उत्पादन भइरहन्छ ।**

**वर्षाको बेला डुबान–कटान क्षेत्रबाहेक अरू समयमा सामान्य ग्रीनहाउस, प्लास्टिक टनेल र अन्य प्रविधिहरू प्रयोग गरेर विभिन्न प्रकारका तरकारी उब्जाउन सकिन्छ । बेमौसमी तरकारीको माग बजारमा उच्च छ । विशेषगरी हाम्रै शहरी क्षेत्रमा कृषकहरूले राम्रो मूल्यमा उत्पादन बेच्न सक्छन् । हाल बेमौसमी तरकारी उत्पादन नभएको होइन । केही किसानले आफ्नै बर्कत, बल, बूताले उत्पादन गरिरहेका छन् । तर यस्तो सीमित उत्पादनले मागको सानो अंश पनि पूरा हुन सकेको छैन । यसका लागि कृषक सचेतनाका साथै दक्ष जनशक्ति आवश्यक छ । मल, बीउ, कृषि सामग्रीको उपलब्धता एवं आयातित तरकारीको सिन्डीकेट हटाउन सरकार प्रतिबद्ध हुने हो भने स्वदेशमैं उत्पादन भएको स्वस्थ बेमौसमी तरकारी उपभोग गर्न पाइन्छ । यसमा जटिलता के मात्र छ भने किसानसँग न प्रविधि छ, न लगानी गर्ने क्षमता, न चाहिएको बेला उन्नत बीउ नै पाइन्छ । विभिन्न भूगोलमा हुन सक्ने यस्ता तरकारीहरूको छनोट गरी सही किसानलाई प्रशिक्षण दिएर, पूँजीको व्यवस्थापन गर्न सकियो भने नहुने केही छैन । तर सरकारको ध्यान यता किन जाँदैन भने जुन किसानले यो काम गर्छ, उसले नै विदेशबाट विप्रेषण पनि ल्याउने हो । र सरकारलाई तरकारी होइन, विप्रेषण चाहिएको छ ।**

# बङ्गलादेश भर्सेज नेपाल–२

बङ्गलादेशबाट शेख हसिनाको बहिर्गमनसँगै उनका छोरा साजीवको पाकिस्तानी गुप्तचर संस्था आइएसआईले विएनपीका कार्यवाहक अध्यक्ष तारिख अनवरसँग भेटघाट गरेको र साउदी अरबमा आइएसआई एवं तारिकबीच भएको भेटको प्रमाण आफूसँग सुरक्षित भएको भनाइ सार्वजनिक भएको थियो । त्यही क्रममा भारतीय राजनयिकहरूले पनि आन्दोलनलाई सावधानीपूर्वक बनाइएको सुनियोजित रणनीति भनिरहेकै बेला स्वयं शेख हसिनाको पनि पहिलोपटक घटनाको सम्बन्धमा भनाइ सार्वजनिक भएको छ । उनले अमेरिकालाई बङ्गालको खाडी उत्तरपूर्वी भागमा अवस्थित सेन्ट मार्टिन टापू र बङ्गलाको खाडी दिएको भए आजको अवस्था भोग्नु नपर्ने ठोकुवा गर्दै अन्तिम समयमा आफूले राष्ट्रलाई सम्बोधन गर्न खोजेको तर सैनिक शासनले त्यो समेत गर्न नदिएको आरोपसमेत लगाएकी छन् ।

बङ्गलादेशमा चीनको ठूलो आर्थिक लगानी छ भने भारतको ठूलो रणनीतिक र सुरक्षा संवेदनशीलता छ । यस्तोमा केही प्रश्नहरूको उत्तर खोज्नुपर्ने नै हुन्छ । पहिलो प्रश्न त के भने भारतीय राजनयिकहरूले भनेजस्तै यो सुनियोजित रणनीतिक षड्यन्त्र थियो भने भारतीय गुप्तचर संस्थाहरूले यसको भेउ किन पाउन सकेनन् र दोस्रो प्रश्न के भने के भारतीय गुप्तचर संस्थालाई थाहा भएर पनि दक्षिण एशियामा चीनको बढ्दो प्रभाव रोक्न हसिनाले आरोप लगाएजस्तै अमेरिकी षड्यन्त्रप्रति भारतको मौन समर्थन रहेको हो ? यी दुवै प्रश्नको उत्तर अहिले भारतले अङ्गीकार गरेको विदेश नीतिका सम्बन्धमा भारतीय विदेशमन्त्री एस जयशङ्करले आफ्नो पुस्तक द इन्डिया वेको कृष्नाज च्वाइसलाई बुझ्नुपर्ने हुन्छ । यसको सविस्तार वर्णनलाई india does not need to be popular, it just needs to secure its interest भनेर अर्थ लगाउन सकिन्छ । बङ्गलादेशको स्थापनामा नै भारतको अहम भूमिका भएकोले शेख मुजिबर्रहमानको अवामी लिग नै भारतको भरपर्दो मित्र हुनु अस्वाभाविक होइन । त्यसो हो भने भारतको गुप्तचर संस्थाहरू यसप्रति किन चनाखो हुन सकेनन् र भएर समयमैं सूचना प्रवाह गरिएको हो भने भारतले

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**दक्षिण एशियामा साना राष्ट्रका नेताहरूले पद प्राप्त गर्न भारततर्फ ढल्किने गर्दै आएकोमा अब चीनको उदय भएकोले चीन पनि दक्षिण नेताहरूलाई आफ्नो पक्षमा पार्न सक्रिय रहेको नेपालमैं भएको सत्ता परिवर्तनलगायत श्रीलङ्का र मालद्विप्सको घटनाबाट बुझ्न सकिन्छ ।**

सुरक्षात्मक कदम किन उठाएन ? किनभने विगत चुनावकै दौरानदेखि राष्ट्रिय माहौल उनको विपरीत बन्दै गएको थियो । त्यस चुनावमा युरोप र अमेरिकाका साथै स्वयं बङ्गलादेशका नागरिक पनि व्यापक धाँधली भएको भन्दछन् । आम जनताको चाहनाविपरीत गराउन खोजिएको त्यो चुनावमा भारतले अवामी लिगलाई साथ दिएको कारण पनि बङ्गलादेशमा भारतविरोधी लहर बढेकै हो । त्यसमा आगोमा घ्यू थप्ने काम भारतको सत्तारूढ दलको हिन्दुत्वको नारा र लडाइँले गरेको हो । यो विरोध उक्त चुनावमा न्यून प्रतिशतमा खसेको मतले पनि उजागर गरेकै हो । समग्रमा दक्षिण एशियाकै कुरा गर्दा नेतृत्व लिने दुई देशहरू भारत र चीन नै हुन् जसमा चीन कम्युनिस्ट शासित राष्ट्र हो भने भारतलाई विश्वकै सर्वाधिक ठूलो प्रजातान्त्रिक राष्ट्रको मान्यता प्राप्त छ । यस्तोमा दक्षिण एशियामा प्रजातन्त्रको स्थापना एवं सुदृढीकरणमा भारतको ठूलो भूमिका हुनुपर्ने भए पनि २०२१ देखि अफगानिस्तानमा तालिबानको शासन छ भने २०२२ मा श्रीलङ्कामा राजपाक्षे शासनको अन्त्य ठूलो जनविद्रोहबाट अन्त्य भयो ।

भारतले मालद्विप्सबाट समेत आफ्नो सैन्य फिर्ता बोलाउनुपरेको छ भने भूटान र नेपालसँग उतार चढावको सम्बन्ध चलिरहेको पाइन्छ । के यो छिमेकी पहिला कि लक्ष्य पहिला बीचको अन्तर्द्वन्द्वको उपज त होइन ? अन्तर्राष्ट्रिय संस्थाहरूले देखाएको प्रजातान्त्रिक स्कोरकार्डमा भारतले २०१३–२०२३ सम्म १०० मा ७६ बाट झरेर ६६ अङ्क मात्रै पाएको छ भने बङ्गलादेशले १०० मा ४० र नेपालले भने १०० मा ६२ अङ्क प्राप्त गरेको छ । यस आधारमा दक्षिण एशियामा समेत स्वतन्त्रता र प्रजातन्त्र अधिनायकवादी नेतृत्वको उदयले प्रजातान्त्रिक संस्थानहरू ध्वस्त हुँदै गएको र प्रजातन्त्र ओरालो लागेको भनाइ सार्वजनिक भइरहेका छन् ।

श्रीलङ्कामा आर्थिक दुरवस्थाका कारण विद्रोह भयो तर त्यहाँ लूटपाट भएन । बङ्गलादेशको हकमा भने हसिना सरकारले सन् २००९ मा ६९८ डलर रहेको प्रतिव्यक्ति आयलाई २०२२ मा २६८८ डलर पुर्‍याएको, गरीबीको रेखामुनिको जनसङ्ख्या १० प्रतिशतमा झारेर विश्वको ३४ औं ठूलो अर्थतन्त्र बन्न सफल भइसकेको अवस्थामा समेत पूर्व सेनानीको परिवारलाई ३० प्रतिशत आरक्षण दिएको भनेर शुरू भएको आन्दोलनको यो माग सम्बोधन भइसकेर पनि आन्दोलन शान्त नभई सत्ता परिवर्तनसम्म नै पुग्ने कुराको अध्ययन हुनै पर्दछ ।

परम्परागतरूपमा दक्षिण एशियामा सानो राष्ट्रका नेताहरूले पद प्राप्त गर्न र पदमा रहिरहन भारततर्फ ढल्किने गर्दै आएकोमा अब चीनको समेत उदय भएकोले चीन पनि दक्षिण एशियाका मुलुकहरूमा नेताहरूलाई आफ्नो पक्षमा पार्न सक्रिय रहेको नेपालमैं भएको सत्ता परिवर्तनलगायत श्रीलङ्का र मालद्विप्सको घटनाबाट बुझ्न सकिन्छ । यसरी क्षेत्रीय शक्तिबाट समर्थन प्राप्त गरेर सरकारमा पुग्नेहरू समर्थनको बलमा सत्ता सञ्चालनमा लाग्ने र लोक कल्याणकारी राज्यको स्थापनामा लाग्नुको सट्टा नातावाद, भ्रष्टाचार, प्रजातान्त्रिक संस्थाहरूको विनाश, चुनाव जित्न बल एवं अवैध हतकण्डा प्रयोग र विपक्षी दबाउन हदैसम्मको बल प्रयोगमा लाग्ने गरेको पाइन्छ जसको फलस्वरूप यस्ता दल र तिनका नेताहरूको लोकप्रियता निरन्तर घट्दै गइरहेको पाइन्छ । यसरी असन्तोष चरममा पुगेको बेला नै शक्ति राष्ट्रहरूले आफ्नो समर्थनको सरकार बनाउन विभिन्न प्रकारका चलखेल गर्दछन् र अस्थिरता पैदा हुन्छ । नेपालमा माओवादी र एमाले एकीकरणको प्रयास र अहिले बङ्गलादेशमा भएको घटना यस्तै रणनीतिका प्रतिनिधि पात्र हुन् । नेपालको घटनामा चीनको भूमिका रहेको मानिन्छ भने अहिले बङ्गलादेशमा भएको घटनामा शेख हसिनाले भारतको वरदहस्त प्राप्त गरेपछि चुनावमा बल प्रयोग र विपक्षीको दमन गर्नुका साथै आरक्षण विरोधी आन्दोलनमा सर्वोच्चले आरक्षण रद्द गर्ने आदेश दिएपछि पनि आन्दोलनकारीहरूलाई नछाड्नु र आन्दोलनका दौरान अनियन्त्रित बल प्रयोग गरी तीन सयजति आन्दोलनकारीको हत्यामा हुन सक्छ शेख हसिनाले भनेजस्तै कुनै शक्ति राष्ट्रले चलखेल गरेको होस् । तर दक्षिण एशियाको केही वर्षयता, खास गरेर द इन्डिया वेको प्रतिपादनपछिको अवस्था हेर्दा भारतको प्रभाव क्षेत्र कमजोर भएको देखिंदैछ । यो यस क्षेत्रको स्थायित्वको लागि राम्रो सङ्केत नभएकोले भारतका विद्वत् नीति निर्माताहरूले दम्भ छाडी वास्तविकतालाई स्वीकार गरेर अगाडि बढ्नु नै श्रेयस्कर हुन सक्छ ।

# बिजुलीको आलोकमा जगमगाउँदै ५३९ पालिका

काठमाडौं, ४ भदौ/रासस

मुलुकका ५३९ स्थानीय तह पूर्ण रूपमा विद्युतीकरण भएका छन् । १९६ स्थानीय तहमा आंशिकरूपमा बिजुली पुगेको छ । देशभर ७५३ स्थानीय तह (नगरपालिका र गाउँपालिका) छन् ।

हालसम्म राष्ट्रिय प्रसारणको विद्युत् १८ स्थानीय तहमा पुग्न सकेको छैन । राष्ट्रिय प्रसारण ग्रीड नपुगे पनि १८ स्थानीय तहका बासिन्दाले लघुजलविद्युत् र सौर्य ऊर्जाबाट विद्युत् उपभोग गरिरहेको पाइएको छ ।

नेपाल विद्युत् प्राधिकरणले मुलुकभरिका स्थानीय तहका गाउँपालिका र नगरपालिकाका वडासम्मको विस्तृत अध्ययन गरी तयार पारेको विद्युतीकरण तथ्याङ्क २०८१ अनुसार, कुल जनसङ्ख्याको ९९ प्रतिशतमा विद्युत् सेवा पुगेको छ । विद्युत्का ग्राहक सङ्ख्या सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेको छ । विद्युत्को पहुँच पुगेको जनसङ्ख्यामध्ये ९७ प्रतिशत राष्ट्रिय ग्रीडबाट र दुई प्रतिशतले ग्रीडबाहिरबाट बिजुली उपभोग गरिरहेका छन् ।

७५३ स्थानीय तहमध्ये ५९० स्थानीय तहमा ९५ देखि शतप्रतिशत विद्युतीकरण भएको छ भने ७२ स्थानीय तहमा ७५ देखि ९५ प्रतिशत विद्युतीकरण भएको छ । कुल ३३ प्रतिशत स्थानीय तहमा ५० देखि ७५ प्रतिशतसम्म, २६ स्थानीय तहमा २५ देखि ५० प्रतिशतसम्म र ३२ स्थानीय तहमा २५ प्रतिशतसम्म विद्युतीकरण भएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालू आर्थिक वर्षभित्र सबैका घरमा भरपर्दो र गुणस्तरीय विद्युत् सेवा पुर्‍याउने सरकारको घोषणा कार्यान्वयन गर्नेतर्फ लागेको बताएका छन् । "आर्थिक वर्ष २०७२–७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो, अहिले ९९ प्रतिशत पुग्नु महत्त्वपूर्ण उपलब्धि हो, प्राधिकरण आफैं विद्युत् नपुगेका घर खोज्दै विकट बस्तीबस्ती पुगिरहेको छ"–उनले भने–"विद्युत् पुगेका ठाउँमा भरपर्दो र नपुगेका ठाउँमा यथाशीघ्र पुर्‍याउन उच्च प्राथमिकताका साथ काम गरिरहेका छौं । भौगोलिक रूपमा विकट कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाका सबैको घरमा एक वर्षभित्र विद्युत् पुर्‍याउनेगरी काम भइरहेको छ ।

प्राधिकरणले एशियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) र युरोपेली लगानी बैंक (इआइबी)बाट २२ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा विद्युतीकरणका लागि निर्माण व्यवसायी छनोट गरी काम शुरू गरिसकेको छ । साथै, सरकारको लगानी र प्राधिकरण आफैंले आर्जन गरेको मुनाफाको केही अंश छुट्याएर अन्य क्षेत्रमा विद्युत् पहुँच विस्तारको प्रयत्न भएको कार्यकारी निर्देशक घिसिङले बताए ।

सात प्रदेशमध्ये मधेसमा शतप्रतिशत विद्युतीकरण भएको छ । कोशीमा ९९.३० प्रतिशत, बागमतीमा ९९.९७ प्रतिशत, गण्डकी ९९.४० प्रतिशत र लुम्बिनीमा ९८.४९ प्रतिशत विद्युतीकरण गरिएको छ । कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात ७४.३८ प्रतिशत मात्र विद्युतीकरण छ । सुदूरपश्चिम प्रदेशमा ८६.५८ प्रतिशत विद्युतीकरण गरिएको छ । कुल ७७ जिल्लामध्ये हुम्लामा अझै राष्ट्रिय प्रसारण ग्रीड पुग्न सकेको छैन । हुम्लामा लघुजलविद्युत्, सौर्य ऊर्जालगायत विद्युत् आपूर्ति भइरहेको छ । यस्तै ७७ जिल्लामध्ये ५६ जिल्लामा ९५ देखि शतप्रतिशत विद्युतीकरण भएको छ । १० जिल्लामा ७५ देखि ९५ प्रतिशतसम्म, पाँच जिल्लामा ५० देखि ७५ प्रतिशतसम्म र छ जिल्लामा २५ देखि ५० प्रतिशतसम्म विद्युतीकरण गरिएको छ ।

कोशी प्रदेशका १४ जिल्लामध्ये सोलुखुम्बु र संखुवासभाबाहेक अन्य जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ । सोलुखुम्बुमा ८९.०४ र संखुवासभामा ९३.९९ प्रतिशत विद्युतीकरण भएको छ । झापा, मोरङ, सुनसरी र धनकुटामा शतप्रतिशत विद्युतीकरण गरिएको छ । मधेस प्रदेशका आठ जिल्ला नै पूर्ण विद्युतीकरण भएका छन् । बागमती प्रदेशका १३ जिल्लामध्ये काठमाडौं, ललितपुर, भक्तपुर, रामेछाप, नुवाकोट र चितवनमा शतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी जिल्लामा पनि ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ । गण्डकी प्रदेशका ११ जिल्लामध्ये मनाङमा ८७.८१ प्रतिशत विद्युतीकरण भएको छ । तनहुँ, स्याङ्जा, पर्वत र कास्कीमा शतप्रतिशत विद्युतीकरण भएको छ भने बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ । लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये रूकुमपूर्वमा सबैभन्दा कम अर्थात् ३२.२४ प्रतिशत र रोल्पामा ८५ प्रतिशत मात्र विद्युतीकरण भएको छ । नवलपरासी, रूपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी र बर्दियामा शतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ ।

कर्णाली प्रदेशको रूकुम पश्चिममा सबैभन्दा बढी अर्थात् ९५.०८ प्रतिशत र मुगुमा सबैभन्दा कम अर्थात् ३१.८० प्रतिशत विद्युतीकरण भएको छ । सुर्खेतमा ८६.४८, दैलेखमा ८१.०५, सल्यानमा ७९.५०, जाजरकोटमा ४९.८०, कालीकोटमा ७०.९६, जुम्लामा ६२.४७, डोल्पामा ४२.७५ र हुम्लामा ३२.५१ प्रतिशत विद्युतीकरण गरिएको छ ।

प्राधिकरणका अनुसार सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये कञ्चनपुर र कैलालीमा शतप्रतिशत विद्युतीकरण भएको छ । बाजुरामा सबैभन्दा कम ३३.५१ प्रतिशत मात्र विद्युतीकरण भएको छ । डडेल्धुरामा ९४.०८, डोटीमा ८८.०४, अछाममा ६५.९७, बैतडीमा ६१.७३, बझाङमा ६९.०३ र दार्चुलामा ८४.०१ प्रतिशत विद्युतीकरण भएको छ ।

## गौरमा ............

लागि नगरपालिकाले सहयोग जारी राख्ने बताए ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक घनश्याम ठाकुर, ज्येष्ठ नागरिक सङ्घका अध्यक्ष विजयकिशोर झा, राजनीतिकर्मी अनिल सिंह, शिक्षक विन्दा साहनी, नेपाल पत्रकार महासङ्घ, रौतहटका अध्यक्ष प्रेमचन्द्र झालगायतको सहभागिता थियो । कार्यक्रममा स्वागत प्रमुख प्रशासकीय अधिकृत सुभाष ठाकुर र सञ्चालन वडाध्यक्ष अर्जुन सिंहले गरेका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# पर्सामा २२९१ क्युफिट काठ बरामद

वीरगंज, ४ भदौ/रासस

डिभिजन वन कार्यालय पर्साले अवैध रूपमा काठको चोरी तथा तस्करी गर्नेबाट २,२९१ क्युफिट काठ बरामद गरेको छ। कार्यालयले आर्थिक वर्ष २०७९–८० देखि २०८०–८१ सम्मको दुई वर्षको अवधिमा सो परिमाणको काठ बरामद गरेको हो।


तस्वीरः फाइल

डिभिजन वन कार्यालय, पर्साका प्रमुख सुनीलकुमार कर्णले दुई आवमा अवैधरूपमा काठको चोरी तथा तस्करी गर्नेबाट २,२९१ क्युफिट काठ बरामद गरेको जानकारी दिए।

"दुई आवमा वनपैदावार तथा वन्यजन्तु चोरी शिकारी गर्ने कार्यमा संलग्न २२६ जनालाई पक्राउ गरेर मुद्दा अगाडि बढाएका छौं"– उनले भने।

कार्यालयले अवैध ढङ्गले दाउरा चोरी तस्करी गर्नेबाट ५०० क्युफिट बराबरको दाउरा पनि बरामद गरेको छ।

डिभिजन वन कार्यालय, पर्साले काठ दाउरा तस्करी गर्नेबाट १५ थान मोटरसाइकल पनि बरामद छ। कार्यालयले १४३ थान साइकल, ६ थान ट्याक्टर, ६ थान टायरगाडा, ४२ थान बन्चरो, २० थान काठ काट्ने आरा पनि बरामद गरेको छ।

डिभिजन वन कार्यालयले आव २०७९–८० मा १२६ वटा वन मुद्दा दायर गरेको थियो। जसमा १२० थान वनपैदावारसँग सम्बन्धित थिए। त्यस्तै ६ वटा मुद्दा भने वन्युजन्तु चोरी शिकारीसँग सम्बन्धित रहेको थियो। आव २०८०–८१ मा भने कार्यालयले ४२ वटा वन पैदावरसँग सम्बन्धित मुद्दा दायर गरेको छ।

कार्यालय प्रमुख कर्णले चालू आवमा वनपैदावारसँग सम्बन्धित मुद्दालाई प्राथमिकतामा राखेर फर्स्योट गर्ने बताए। उनले भने–"वनपैदावरसँग सम्बन्धित मुद्दाको आवश्यक कागजात सङ्कलन गर्ने प्रक्रिया अघि बढेको छ। त्यसैले अब वन पैदावारसँग सम्बन्धित मुद्दा फर्स्योटले गति लिनेछ।"


टिकोट गाउँः बादलको घुम्टोभित्र लुकेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ अवस्थित टिकोट गाउँ। अन्नपूर्ण–धौलागिरि सामुदायिक पर्यावरणीय पदमार्गमा समेटिएको झुरूप्प ढुङ्गेघरहरू रहेको यस गाँउमा मगर समुदायको बाहुल्य रहेको छ। तस्बिरः सन्तोष गौतम/रासस

# वीरगंज भन्सारद्वारा साउनमा १२ अर्ब १६ करोड राजस्व सङ्कलन

वीरगंज, ४ भदौ/रासस

प्रमुख भन्सार नाका मानिने वीरगंज भन्सार कार्यालयले चालू आर्थिक वर्षको पहिलो महीना साउनमा रु १२ अर्ब १६ करोड ३२ लाख ५८ हजार राजस्व सङ्कलन गरेको छ।

साउनमा १६ अर्ब ८६ करोड ८७ लाख ४० हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो तर कार्यालयले लक्ष्यको ७२.११ प्रतिशत सङ्कलन गरेको हो।

भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले चालू आर्थिक वर्षको पहिलो महीनामा राजस्व सङ्कलन उत्साहप्रद रहेको बताए। "साउन खासै धेरै वैदेशिक व्यापार हुने महीना होइन"– उनले पहिलो महीनामैं १२ अर्बभन्दा धेरै राजस्व सङ्कलन हुनुलाई उत्साहजनक मान्नुपर्छ।"

भन्सार विभागले गत आवको साउनमा वीरगंज भन्सार कार्यालयलाई रु १५ अर्ब ६२ करोड ३७ लाख ७२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। सोही आवमा लक्ष्यको ७५.९६ प्रतिशत अर्थात् ११ अर्ब ८६ करोड ८४ लाख ४७ हजार राजस्व सङ्कलन गरेको थियो। चालू आवको पहिलो महीनामा



तस्वीरः फाइल

वीरगंज भन्सार हुँदै रु ४६ अर्ब ५९ करोड २६ लाख ९६ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएका छन्। यो परिमाण गत आवको पहिलो महीनाको तुलनामा ३.५३ प्रतिशतले कम हो।

आव २०८०–८१ को साउनमा यो भन्सार कार्यालय हुँदै ४८ अर्ब २९ करोड ६० लाख १६ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो। चालू आवको पहिलो महीना यो भन्सार कार्यालय हुँदै स्वदेशी वस्तु निर्यातको परिमाण भने बढेको छ। चालू आवको पहिलो महीनामा दुई अर्ब ६५ करोड ६६ लाख ६८ हजार मूल्यपर्ने स्वदेशी सामान निर्यात भएको छ।

गत आव २०८०–८१ को साउनमा दुई अर्ब ४७ करोड ९१ लाख ६७ हजार मूल्य पर्ने वस्तु तथा सामान निर्यात भएको थियो। गत आवको तुलनामा चालू आवको साउन महीनामा ७.१६ प्रतिशतले निर्यात बढेको हो। आयातको हिस्सा ९५ प्रतिशत र निर्यातको हिस्सा पाँच प्रतिशत रहेको छ।

# कमला सिंचाइ आयोजनाद्वारा २५ हजार हेक्टर क्षेत्रफल सिंचित

जनकपुरधाम, ४ भदौ/रासस

धनुषाको पोर्ताहास्थित कमला सिंचाइ आयोजना मधेस–प्रदेशको धनुषा र सिरहाका किसानका लागि वरदान साबित भएको छ।

उक्त आयोजनाले बर्सेनि कमला नदीमा आउने बाढीपहिरो नियन्त्रणका लागि दुईतर्फी तटबन्ध निर्माण गरेको छ। तटबन्धसँगै कमला नदीमा नहर लगायत संरचना निर्माण गरेपछि उक्त आयोजना किसानका लागि वरदान साबित भएको हो।

"कमला सिंचाइ व्यवस्थापन कार्यालय पोर्ताहा धनुषा अन्तर्गत यो आयोजनाले बाढीबाट हुने क्षतिबाट हामी सुरक्षित भएका छौं"–सिरहाका किसान रामलखन महतोले भने–"यसको निर्माण नभएको भए अहिलेसम्म कमला क्षेत्रका बासिन्दाको उठिबास भइसकेको हुन्थ्यो, अहिले खेती पनि राम्रो भइरहेको छ।"

आयोजना कार्यालय प्रमुख वीरेन्द्र यादवका अनुसार कमला सिंचाइ आयोजनाबाट धनुषा र सिरहाका २५ हजार हेक्टर कृषियोग्य जमीनमा सतह सिंचाइ (नहरमार्फत) सुविधा पुगेको छ। त्यसबाट ४० हजार घरपरिवार लाभान्वित भएका छन्। सो कार्यालयले आयोजनाको पश्चिमी नहर प्रणालीमार्फत धनुषाको १२ हजार पाँच सय हेक्टर जमीनमा सिंचाइ सुविधा पुगेको छ। धनुषाको छ नगरपालिका र दुई गाउँपालिका गणेशमान चारनाथ, सबैला, शहीद, विदेह, कमला, हंसपुर नगरपालिका र औरही तथा जनकनन्दनी गाउँपालिकामा सिंचाइ सुविधा पुऱ्याएको छ। सो आयोजनामार्फत सिरहाको १२ हजार पाँच सय हेक्टर जमीनमा सिंचाइ सुविधा पुगेको छ। पाँच नगरपालिका कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा, सुखीपुर नगरपालिका र दुई गाउँपालिका विष्णुपुर तथा औरहीमा सिंचाइ सुविधा पुऱ्याएको छ।

कमला पश्चिमी नहर प्रणालीको क्षमता १४ क्युसेक तथा लम्बाइ १४.३ किलोमिटर रहेको छ। त्यसका चारवटा शाखा नहर छन्। कमला पूर्वी नहर


तस्वीरः फाइल

प्रणालीको क्षमता १४ क्युसेक तथा लम्बाइ ३१.६ किमी रहेको छ। जस अन्तर्गत आठवटा शाखा छन्। सो कार्यालयले गत आर्थिक वर्ष २०८०–८१ मा कमला सिंचाइ प्रणालीमा मरम्मत सम्भार आयोजना तथा बृहत् सरकारी सिंचाइ योजनाको पुनःस्थापना तथा व्यवस्थापन हस्तान्तरण गरी दुई कार्यक्रम सञ्चालन गरेको छ।

यसै कार्यक्रम अन्तर्गत कमला सिंचाइ प्रणालीको 'हेडवर्क्स', पूर्वी तथा पश्चिमी नहर प्रणालीको मरम्मत सम्भार तथा संरचना निर्माण गरेको जनाइएको छ। सोही आवमा आयोजना कार्यालयबाट कमला नदीको बाँध, 'हेडवर्क्स'को मरम्मत सम्भार पूर्वी तथा पश्चिमी नहरको 'अन्डरस्लुस' तथा 'वेयर'को चारमध्ये दुईवटा 'वेयरपोर्सन'को मरम्मतसम्भार गरेको छ।

त्यसैगरी कमला 'हेडवर्क्स'को पूर्वी तथा पश्चिमी बाँधलाई बाढीबाट भएको कटानको पश्चिमी तर्फ 'स्लोप रिभेटमेन्ट' १३३ मिटर तथा 'टोईवाल' १३९ मिटर र पूर्वीतर्फ 'लन्चिङ' तथा 'ग्याबिन वाल' १७५ मिटर, 'टोइवाल' ५४ मिटर तथा 'स्पर' एउटा र 'स्टड' आठ निर्माण गरी मरम्मतसम्भार गरिएको प्रमुख यादवले जानकारी दिए।

कमला सिंचाइको पूर्वी तथा पश्चिमी नहर प्रणाली अन्तर्गत १,०१० मिटर नहर 'लाइनिङ', ३.१५ किमी 'सभिर्सरोड' मरम्मत, तीनवटा 'भिआरबी', तीनवटा 'बोक्स कल्भर्ट', चारवटा 'रोड क्रसिङ', तीनवटा 'डिभिजन बोक्स', आठवटा 'ड्रोपस्ट्रक्चर', १८९ मिटर 'रिटेनिङ वाल', १९० मी संरचना बचावट (खाली बोरामा माटो)भर्ने काम, १८० मिटर, नहर संरक्षण, एक गेट जडानसहित मरम्मत गरेको छ।

नेपालका ठूलामध्ये कमला सिंचाइ आयोजना पनि एक हो। विसं २०१७ कात्तिक २६ गते तत्कालीन सिंचाइमन्त्री गणेशमान सिहंले शिलान्यास गरेको सो आयोजनाले विसं २०४० देखि सिंचाइ सुविधा पुऱ्याउन थालेको थियो।


सिंचाइ सुविधा पुगेको दुई जिल्लाको औसत उत्पादकत्व ३.२१ मेट्रिकटन प्रतिहेक्टर धानबाली रहेकोमा गत आर्थिक वर्षमा सिंचाइ आयोजनाको थप व्यवस्थापन पछि ४.१३ मेट्रिकटन धानबाली उत्पादन वृद्धि भएको आयोजना कार्यालयले जनाएको छ। सिंचाइबाट अहिले वर्षमा दुई/तीन बालीसम्म कृषि उपज उत्पादन भइरहेको छ। सो कार्यालयले आव २०८०–८१ मा जल उपभोक्ता समितिका पदाधिकारी तथा समितिसमेत चयन गरेको छ।

# मुख्यमन्त्री आचार्यलाई विश्वासको मत प्राप्त

देउखुरी (दाङ), ४ भदौ/रासस

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विश्वासको मत प्राप्त गरेका छन्। उनी गत साउन ७ गते मुख्यमन्त्री नियुक्त भएका थिए।

प्रदेशसभाको आजको बैठकमा मुख्यमन्त्री आचार्यले ७० मत प्राप्त गरेका छन्। उनको विपक्षमा ११ मत परेको सभामुख तुलाराम घर्तीमगरले जानकारी दिए। लुम्बिनी प्रदेशसभामा ८७ जना सदस्य छन्।






गाईजात्राः दिवङ्गत आफन्तजनको सम्झनास्वरूप आत्मा शान्तिको कामना गर्दै मङ्गलवार काठमाडौंको सोल्टीमोडमा मनाइएको गाईजात्रा। विशेषगरी नेवारी संस्कृतिको परम्परा अन्तर्गत रहेको यो पर्व परिवारका आफन्तजनको सहभागितामा गाई र मानिसलाई सिंगारी बजार परिक्रमा गराई मनाउने गरिन्छ। तस्वीर : नितेश कर्ण

# देशभर मनसुनी वायुको प्रभाव कायमै

काठमाडौं, ४ भदौ/रासस

हाल देशभर मनसुनी वायुको प्रभाव कायमै छ। मनसुनको न्यून चापीय रेखा सरदर स्थानको केही उत्तर दिशातर्फ अवस्थित रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।




विभागका अनुसार हाल देशभर आंशिकदेखि साधारणतया बदली रही मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका एक/दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

आज दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहने छ। सबै प्रदेशका केही स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थान तथा बाँकी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

आज राति देशभर आंशिकदेखि साधारणतया बदली रहने छ। कोशी, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

विभागले भारी वर्षाको पनि सम्भावना रहेका स्थानमा हुन सक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयजस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न तथा यसबाट ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ।

# कृषिमा हामी के सुधार गर्न सक्छौं ?

म कृषि विज्ञ होइन, किसानको छोरा हुँ। सानो हुँदा कृषि गरेको हुँ। ठूलो हुँदा कृषि गर्न भ्याइँदै भ्याइएन। त्यसकारण म अहिले किसान पनि होइन तर मेरो रगतमा किसानको 'जीन' छ। बोटबिरुवा देखेपछि मलाई माया लाग्छ, मलाई देखेपछि बोटबिरुवाले पनि माया गर्छन्। मैले बारी कस्तो बनाएको थिएँ भने कुटो कोदालो होइन कि हातका औंला घुसारेर त्यसको गोडमेल गर्ने गर्थें । अरू साथीहरूले लगाएको चाहिं त्यति राम्रो नफल्ने । साथीहरूले हामीले पनि उही काम गरिराखेका छौं भन्थे । मैले तपाईंहरूले त्यसलाई माया कम गर्नु भएको छ, उसले बुझ्छ भन्ने जवाफ दिन्थें ।

म पोखरा जेलमा हुँदा अलिअलि खेती गर्थें। मैले रोपेको तरकारी, फलफूल राम्रो फल्थ्यो। अनि अरूहरू छक्क पर्थे। खासमा बोटबिरुवाले मान्छेले कत्तिको माया गरेको छ भन्ने याद गर्छ। गाई, भैंसीलाई पनि माया गरे नगरेको थाहा हुन्छ । रिसायो भने गाई भैंसीले दूध लुकायो भन्छन् । खुशी भएन, प्रसन्न भएन भने दूध दिंदैन। उसको भकारो सोहोर्ने, मान्छेले सुम्सुम्याउने मान्छेले दुयो भने बढी नै दूध दिन्छ। दूध जतिबेला पनि आउँदैन, ऊ खुशी छैन, नाखुश छ भने पगारे पनि लुकाइदिन्छ। अहिले त मेशीनले चुसेर, तानेर भएजति तान्ने गरिन्छ । हामीले कृषि बालीको कुरा किसानहरूलाई सिकाउनुपर्छ कि खुशी हुनुपर्छ, यसलाई माया गरेको हुनुपर्छ, त्यो माया गरेपछि यसले प्रतिफल धेरै दिन्छ भनेर बुझाउनुपर्छ। साँच्चै कस्तो वातावरण छ भनेर पशुबालीले हेर्छ । बाजा, सङ्गीत, गीत आदि इत्यादि त्यसलाई मन पर्छ। मन नपर्ने खालको ऋसर राख्दियो भने त्यसले मन पराउँदैन भने कर्कश आवाजले पनि त्यसलाई राम्रो गर्दैन ।

मत्स्यपालनका सन्दर्भमा अहिलेको उत्पादन कति छ ? कति माछापोखरी छन् ? कति खोलाबाट निकालिन्छ ? खोलाबाट निकालिने कुराको धेरै भर नपरौं। खासमा भन्ने हो भने खोलाबाट धेरै माछा निकाल्ने पनि होइन, त्यहाँ यसलाई खेल्न दिने हो। भरपर्ने त तालका माछामा हो । खोलाका माछा त्यतिकै समाउन पाइँदैन नि। मत्स्यपालनसम्बन्धी लक्ष्य तोक्नुस् । चराको मासु खानुछ भने पालेको हुनुपर्‍यो । जङ्गलमा गएर फ्याट्टफ्याट्ट मार्न हुँदैन। खोलामा माछा मार्नु, जङ्गलमा चरा मार्नु 'इकोसिस्टम' विरोधी कुरा हो। फलफूल खानु छ भने फलाएको हुनैपर्‍यो । गाई र भैंसीबाटै दुग्ध उत्पादन हुने हो। गाईको दूधबाहेक मलमूत्र मात्रै काम लाग्ने हो । भैंसीमा जोड दिने तपाईंहरूले जोड दिएको पनि ठीक छ। भोलि गएर कतिपयले गाईको मात्रै दूध खाने, भैंसी, चौंरीको दूध नखाने भन्ने पनि हुन सक्छ। त्यसकारण डेरीको दूध नखाने स्वाभाविक हुन्छ। त्यहाँ गाईको पनि हुन्छ, भैंसीको पनि हुन्छ । त्यसो भएर गाईको दूध मात्रै भोलि कारोबार हुन सक्ने स्थिति नहोला भन्न सकिन्न। दूध खाँदा भैंसीको मीठो हुन्छ तर घ्यू गाईकै मीठो मानिन्छ ।

फलफूल क्षेत्रमा के गर्ने र कहाँ कहाँको के भिन्नता छ ? हाम्रो उपलब्धि के हो ? हाम्रो लक्ष्य के हो ? गत वर्षको भन्दा यो वर्षको लक्ष्य र उपलब्धि अलिक माथि हुनुपर्‍यो । हामीले सबै क्षेत्रमा विगतका रेकर्ड तोड्नेछौं । गत वर्षको भन्दा उत्पादन, बिक्री वितरणमा वृद्धिसँगै आम्दानीमा पनि रेकर्ड तोड्छौं ।

कृषि क्षेत्रमा शिक्षाको ठूलो समस्या छ। यसमा १४ देखि ६५ वर्षको सक्रियता कम भएको छ। बूढाबूढी मात्रै त्यसमा निर्भर छन्। त्यो सक्रिय जनशक्ति होइन। बालबच्चा पनि कृषिमैं निर्भर रहेका हुन्छन्। कुल जनशक्तिको ६० प्रतिशत वा त्योभन्दा बढी कति चाहिं कृषिमा निर्भर छ स्पष्ट छैन। मानिसले व्यवसाय, किसान लेखेको हुन्छ तर कृषिमा भर परेको हुँदैन । छोराबुहारी जागीर खाइराखेका हुन्छन्, आम्दानीको मुख्य स्रोत जागीर भइराखेको हुन्छ । त्यो जागीर कृषिले दिंदैन । कृषि त बाँच्ने पेट पाल्ने कुरा हो नि । सबै प्रणाली पेटबाट शुरू हुन्छ । हरेक जीवित चीजलाई प्रकृतिले यस्तो बनाइदिएको छ।

माटो पनि जीवित हो। माटो मर्‍यो भने उर्वर हुँदैन। प्रकृतिमा यस्तो गुण हुन्छ कि जसले त्यसलाई ग्रहण गर्‍यो, त्यसैसँग मिल्ने हुन्छ । त्यही चामल बाख्राको पाठोलाई दिनुस्, त्यो चामल बाख्रो हुन्छ। त्यही चामल खाएर मान्छे हुन्छ, त्यही चामल खाएर गाई हुन सक्छ। यो अनुकूलन प्रकृतिको विशेषता हो । यस अनुकूलनलाई हामीले प्रकृतिको 'इकोसिस्टम' भन्छौं, यो त्यही इकोसिस्टम हो, सर्कल । एउटाको खाना अर्काको मल, अर्काको खाना अर्काको मल । अर्काले परित्याग गर्छ, अर्काले खान्छ । अलिक रूपान्तरित हुन्छ । हामी मल हाल्छौं, त्यो मलबाट स्याउ फल्छ। त्यो स्याउ हामी खान्छौं र त्यो मल फेरि उसैलाई काम लाग्छ । एउटाको मल अर्काले ग्रहण गर्छ, अर्काको अर्कोले ग्रहण गर्छ र रूपान्तरित हुन्छ। हरेक क्षेत्रमा फरक ल्याउनका निम्ति तपाईंहरूले 'एक्सिलेन्स सेन्टर'हरू खोल्नुस्। अथवा कृषि ट्रेडिङका उपायहरू हुन्। गाउँगाउँमा गएर यसरी बाली लगाइन्छ है, यसरी लगाएपछि आम्दानी बढी हुन्छ र त्यसले बजार पाउँछ भनेर किसानहरूलाई प्रशिक्षित गराउन आवश्यक छ।

हिजो परिवार उत्पादनको एउटा एकाइ हुन्थ्यो । आज परिवारमा उत्पादनको एकाइ छैन। मेरा हजुरबाको एउटा खेत, एउटा बारी, एउटा गोठ थियो। आफ्नै खेतमा धान, मकै, आलीमा मास, बारीमा तोरी उत्पादन हुन्थ्यो । पशुपालन आफ्नै गोठमा, आफ्नै चरिचरनमा सबै चीज हुन्थ्यो । एउटा नूनबाहेक केही पनि किन्न पर्दैनथ्यो । एउटा परिवारको उत्पादन, परिवारको उपभोगमैं सकिन्थ्यो र अर्थतन्त्र त्यतिमैं चल्थ्यो। तर अब सबै कुरा नकिनी नहुने अवस्थामा हामी पुग्यौं । उत्पादनको प्रवृत्ति, ढाँचा र तरीका फरक पर्‍यो । फरक परेको चीजलाई हामीले परिवर्तन गरेनौं भने बाँझा बारी, बाँझा खेत भनेर हुँदैन । त्यसलाई अब व्यावसायिकतामा लैजानै पर्छ। दुनियाँ कहाँबाट कहाँ पुग्यो। परिवारलाई उत्पादनको एकाइ बनाउने हो भने एकै प्रकारको खेती उनीहरूले गरून् । कान्लाभरि रूख, फलफूल लगाऔं, बारी र खेतभरि अन्न लगाऔं।

म सम्झिन्छु, म सानो हुँदा सुन्तलाको बगैंचा आफ्नै घरमा हुन्थ्यो। दुई/चार रूख नासपातीका हुन्थे। असारमा पाक्ने ठूलो नासपतीदेखि मङ्सिरमा पाक्ने नासपाती हुन्थ्यो। सानो नासपातीको स्वाद अनौठो हुन्छ। अम्बा कान्लाभरि जताततै हुन्थ्यो । केराघारी आफ्नैमा हुन्थ्यो । अनार पनि रोपिदिए राम्ररी फल्थ्यो । यी सबै खालका फलहरू आफ्नै बारीमा हुन्थे। अब त्यस हिसाबले चल्दैन। मैले अनार पनि लगाउँछु, अम्बा पनि लगाउँछु भनेर व्यक्तिगत हिसाबमा हिजो जसरी अब चल्दैन। किसानहरूले एउटा एउटा बाली लगाएर हुँदैन । यसरी लगाउँदा बालीको आफ्नोपन पनि बिग्रिन्छ । त्यसकारण यस्तोमा सहकारी भयो भने सहकारी, सहकारी भएन भने सामूहिक खालको खेतीमा जानुपर्छ । त्यसोगर्दा बजार पाउन सजिलो हुन्छ। एकैखालको खेती लगाएपछि ठूलो मात्रामा उत्पादन हुन्छ। त्यसले बजार पाउँछ।

मैले सुनेको थिएँ–कैलालीमा पोहोर वा परार किसानहरूले घिरौंला खेतबारीमा फ्याँके, किनभने बिकेन । सबैको घरमा घिरौंला, कसले किन्छ ? कसैले किन्दैन। डोकामा बजार लग्यो, घरघरमा घिरौंला छ, कसले किन्छ, कसैले किन्दैन। यदि त्यो घिरौंला एक/दुई ट्रक भएको भए काठमाडौं आउँथ्यो । बिक्री नभएपछि बारीमा फ्याँक्नुको विकल्प हुँदैन। ठूलो परिमाणमा गोलभेंडा उत्पादन भयो भने त्यसको अचार उद्योग स्थापना गर्न सकिन्छ । गोलभेंडाको स्लाइस, जुस उद्योग, गोलभेंडाको चप उद्योग वा अनेक चीज उत्पादन गर्न सकिन्छ। त्यसैले ठूलो परिमाणमा ध्यान दिऔं। नयाँ इनोभेशनमा ध्यान दिऔं। नवप्रवर्तनभन्दा इनोभेशन शब्द ठीक छ, सजिलो छ। हरेक ठाउँमा नयाँ मार्क लगाउनेगरी नयाँ 'इनोभेटिभ' विचार लगाउनुस्। चिस्यान केन्द्र कति ठाउँमा खोल्न सकिन्छ, पशु स्वास्थ्य केन्द्र खोल्न सकिन्छ त्यतातिर ध्यान दिऔं।

सन् २०२० पछि अमेरिकाले मलेरिया उन्मूलनको काम गर्‍यो। त्यसबेला उसले इन्सपेक्टर र स्प्रेहरू राखेको थियो। स्प्रे गरेकाले घर नम्बर लेख्नुपर्दथ्यो। घरको परिवारको सङ्ख्या उनीहरूको खातामा हुन्थ्यो। घरको एउटा ठाउँमा रङ लगाएर लेखेको हुन्थ्यो र त्यहाँ सही गर्नुपर्दथ्यो। स्प्रेयरले सही गर्दथ्यो। इन्सपेक्टर आउँथ्यो र स्प्रेयरको मुनि उसले पनि सही गर्दथ्यो। कहिले आउँछ इनस्पेक्टर थाहा छैन, तर घरघरमा आउँछ । जाँच गर्दा कसरी गर्‍यो भन्ने मुख्य कुरा हो। हाम्रो प्रोजेक्ट राम्रो भएको छ कि छैन ? उदाहरणका लागि काठमाडौंबाट हेलिकप्टर लिएर अचानक जनकपुर गयो, एउटा स्कूलको मैदानमा हेलिकप्टर रोकेर वरिपरिका गाउँमा गयो, कुनकुन महीनामा जाँच भएको छ, कुनकुन महीनामा जाँच भएको छैन, कुनकुन घरमा पुगेको छ, कुनकुन घरमा पुगेको छैन भनेर नमूनाका रूपमा पाँच/सात घर हेर्‍यो। अर्को ठाउँमा पुग्यो, त्यसैगरी हेरेर आयो। त्यहाँ उसले भने अनुसारको हस्ताक्षर गर्ने ठाउँ खम्बा वा भित्तामा हुन्थ्यो र त्यसमा गरेको हुन्थ्यो। त्यसो गरेर पक्का गर्दथ्यो। त्यसो भएपछि गएँ भनेर झूट बोल्न पाएन। कुन घरमा कुन मितिमा गयो, त्यो घरमा सही गर्नुपर्ने। त्यहाँ भित्तामा ठाउँ बनाएर सही गर्नुपर्ने । हामीले त्यस्तै प्रणाली किन विकास गर्न नसक्ने ? एक/दुई ठाउँमा नमूना हेरेपछि थाहा भइहाल्छ । यस्ता कुराहरूमा अप्रत्याशित र अनपेक्षित ठाउँमा गएर गर्ने छड्के नै जाँच गर्नुपर्छ।

(बाँकी पाँचौं पातामा)

विचार



केपी शर्मा ओली

**सन् १९६८ मा भारतले हरित क्रान्तिलाई धेरै अगाडि बढायो । त्यसकारण अहिले डेढ अर्ब जनसङ्ख्यालाई खुवाएर पनि बाहिर पठाउँछ, हामीलाई बेच्छ । हाम्रो जनसङ्ख्या तीन करोड मात्रै छ तर हामीले उत्पादन गरेको वस्तुले खान पुग्दैन ।**




**पेरीभारानी ताल:** म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ मा रहेको पेरीभरानी ताल । पर्यटकीयस्थल घोडेपानीको सहायक गन्तव्य पेरीभारानी तालमा पूजाअर्चना गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । तस्वीरः सन्तोष गौतम/रासस

## फरक समाचार

### उकुसमुकुस वातावरणमा निर्जलीकरणबाट कसरी जोगिने

ह्युमिड अर्थात् आर्द्र मौसममा शरीरलाई चीसो राख्न र डिहाइड्रेशनबाट बच्न चुनौतीपूर्ण हुन सक्छ । वातावरणमा आर्द्रता बढी हुँदा शरीरको पसिना



सजिलै सुक्दैन, जसले शरीरको तापक्रम नियन्त्रण प्रक्रियालाई असर गर्छ। यस्तो अवस्थामा डिहाइड्रेशनको जोखिम बढ्छ, जुन स्वास्थ्यका लागि हानिकारक हुन सक्छ । केही उपाय गरेर आर्द्र मौसममा निर्जलीकरणबाट बच्न सकिन्छ।

**पर्याप्त पानी पिउनुहोस्:** आर्द्र मौसममा धेरै पसिना आउँछ, जसले शरीरमा पानीको कमी हुन सक्छ । निर्जलीकरणबाट बच्ने सबैभन्दा सरल र प्रभावकारी उपाय पर्याप्त मात्रामा पानी पिउनु हो । दिनभरि कम्तीमा ८–१० गिलास पानी पिउने बानी बसाल्नुहोस् । यसबाहेक, यदि तपाईं धेरै शारीरिक गतिविधि गर्दै हुनुहुन्छ वा बाहिर समय बिताउनुहुन्छ भने पानीको मात्रा बढाउनुहोस्। नरिवलको पानी, कागती पानी वा इलेक्ट्रोलाइट्सयुक्त पेय पदार्थले पनि शरीरमा पानीको कमीलाई पूरा गर्न मदत गर्छ ।

**हल्का र सन्तुलित खाना:** आर्द्र मौसममा भारी र भुटे–तारेको खानेकुरा खानुहुँदैन । यस्तो खानेकुरा पचाउन शरीरले कडा परिश्रम गर्नुपर्छ, जसले डिहाइड्रेशनको जोखिम बढाउँछ । हल्का र सन्तुलित आहार खानुहोस्, जसमा फलफूल, तरकारी, सलाद र जुसहरू समावेश छन् । यी खानेकुराले हाइड्रेशन कायम राख्न मात्र मदत गर्दैन, शरीरलाई आवश्यक भिटामिन र खनिजहरू पनि प्रदान गर्दछ ।

**सुती लुगा लगाउनुहोस्:** आर्द्र मौसममा शरीरलाई चीसो राख्नको लागि हल्का र सास फेर्न सक्ने कपडा लगाउनु आवश्यक छ । सुती कपडा सबैभन्दा राम्रो विकल्प हो, किनकि यसले पसिना सोस्छ र शरीरलाई चीसो राख्छ। सिन्थेटिक कपडाहरूले पसिना रोक्छ, जसले शरीरको गर्मी बढ्छ र निर्जलीकरणको जोखिम बढाउँछ ।

**कडा घामबाट बच्ने:** दिउँसोको समयमा घाममा बाहिर नजानुहोस्, विशेष गरी मध्याह्न १२ बजेदेखि ४ बजेसम्म । यस समयमा, सूर्यको किरण कडा हुन्छ जसले शरीरबाट अत्यधिक पसिना निम्त्याउन सक्छ र निर्जलीकरण हुन सक्छ । यदि बाहिर जानु आवश्यक छ भने छाता वा टोपी प्रयोग गर्नुहोस् ।

**हर्बल चिया र अन्य प्राकृतिक पेय:** चिया र कफीजस्ता क्याफिनयुक्त पेय पदार्थहरू नखानुहोस्, किनकि यसले शरीरमा पानीको कमी बढाउन सक्छ । यसको सट्टा हर्बल चिया, हरियो चिया वा ताजा फलफूलको जुस खानुहोस् । यी पेय पदार्थहरूले हाइड्रेशन मात्र होइन शरीरलाई शीतलता प्रदान गर्दछ ।

### मेघालयको खासी जनजातिको विवाह

भारत विविधताको देश हो, यहाँका प्रत्येक राज्यको संस्कृति र परम्परा फरक छ। जहाँसम्म विवाहको कुरा छ, यस देशका अधिकांश भागमा विवाहपछि



बेहुली बेहुलाको घर जानुपर्छ, तर भारतको मेघालयमा एउटा जनजातिको विवाहको नियम अलि फरक छन् । यहाँ बेहुलाले घर छाडेर बेहुलीको घरमा बस्नुपर्ने हुन्छ ।

भारतको उत्तरपूर्वी राज्य मेघालयमा खासी जनजातिको विवाहलाई लिएर फरक चलन छ । यहाँको परिवार पिताले होइन, आमाले चलाउँछन् अर्थात् मातृवंशीय व्यवस्थाले परिवार चलेको छ ।

**छोरीले सम्पत्ति पाउँछन्:** यसको मतलब घरको सम्पत्ति आमाबाट छोरीलाई हस्तान्तरण हुन्छ, न कि बाबुबाट छोरालाई। छोराछोरीले आमाको थर राख्छन्, विवाहपछि बेहुला बेहुलीको घरमा बस्छन्। उनीहरूको समाजमा महिलालाई पूरै सम्मान र पुरुषभन्दा बढी अधिकार दिइएको छ ।

मेघालयमा एउटै गोत्रका दुई व्यक्तिको विवाहलाई अनुमति छैन । यहाँको विवाहमा केही रोचक चलन र परम्पराहरू छन् जसमा केटीहरूले केटाहरूलाई प्रस्ताव गर्छन्। युवा पुरुष र महिलाहरूलाई आफ्नो जीवन साथी छनोटमा पर्याप्त स्वतन्त्रता दिइएको छ। बिहे गर्न लागेका मानिसहरू इन्गेजमेन्ट अगावै एकअर्कालाई राम्ररी चिन्छन् ।

**परिवारको सहमति आवश्यक:** मेघालयमा परम्परागत विवाहहरू धेरै जटिल छन्। यस राज्यमा केटा र केटीको विवाह दुवै परिवारले सहमति गरेपछि मात्रै हुन्छ । कतिपय अवस्थामा औपचारिक विवाह समारोह हुँदैन । यो समारोह दुलहीको घरमा हुन्छ र दम्पतीले एकअर्कासँग घण्टी साटासाट गर्छन् ।

**दाइजो लिइँदैन:** मेघालयमा विवाहबारे सबैभन्दा राम्रो कुरा भनेको यहाँ दाइजो प्रथा छैन । विवाहमा लुगा लगाउने शैली एकदमै बेग्लै छ । महिलाहरूले परम्परागत गहना लगाउँछन्, दुलहीको पोशाकलाई स्थानीय भाषामा धारा वा जेनेज्म भनिन्छ । –प्रतीक

# अन्तर्राष्ट्रिय समाचार

## जापानमा सेप्टेम्बर २७ मा नयाँ प्रधानमन्त्रीको निर्वाचन गरिने

टोकियो, ४ भदौ/एएफपी

जापानको सत्तारूढ लिबरल डेमोक्र्याटिक पार्टीले नयाँ नेता चयन गर्ने तथा सेप्टेम्बर २७ मा प्रधानमन्त्री चयन गर्ने जनाएको छ ।

वर्तमान प्रधानमन्त्री फुमियोँ किशिदाले गत हप्ता आफ्नो सरकारका लागि अनुमोदन मूल्याङ्नमा आएको परिणामपछि अर्को महिना पदबाट हट्ने निर्णयपछि सत्तारूढ दलले नयाँ नेता चयन गरी प्रधानमन्त्रीका लागि सिफरिस गर्ने घोषणा गरिएको हो ।


वर्तमान प्रधानमन्त्री फुमियोँ किशिदा । तस्वीरः एजेन्सी

लिबरल डेमोक्र्याटिक पार्टीको अर्को अध्यक्ष बन्ने अभियान सेप्टेम्बर १२ मा मतदानसहित शुरू हुने आन्तरिक समितिले मङ्गलवार निर्णय गरेको पार्टी अधिकारीले बताएका छन् ।

सन् २०२१ को अक्टोबरदेखि सत्तासिन रहनुभएका किशिदाले बढ्दो मूल्यलगायतका काण्डपछि भएका समीक्षामा उहाँप्रतिको विश्वासमा गिरावट आएको देखिएको हो । यद्यपि किसिदाले सत्तामा रहँदा विदेशी सहयोगीको विश्वास जित्नुभएको थियो । रूसको आक्रमणपछि अमेरिकी प्रोत्साहनका साथ युक्रेनको पक्षमा निर्णायकरूपमा उभिनुभएको थियो भने जापानी रक्षा नीतिलाई अझ बलियो बनाउने र चीनको सामना गर्ने पक्षमा अघि बढ्नुभएको थियो ।

आगामी प्रतिस्पर्धामा पार्टीका दिग्गजदेखि उदीयमान युवासहित तीन महिला उम्मेदवारको सम्भावना रहेको र उनीहरू पार्टीभित्र समर्थन जुटाउन पहल गरिरहेको बताइएको छ । रासस

## मैले सकेसम्म राम्रो गरें : बाइडेन

शिकागो, ४ भदा/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले सोमवार शिकागोमा भएको पार्टीको अधिवेशनमा आफ्नो बलबूताले भ्याएसम्म देशका लागि सबैथोक दिएको भन्दै डेमोक्रेटिक उम्मेदवार कमला ह्यारिसलाई पार्टीको जिम्मेवारी हस्तान्तरण गरेका छन् ।

बिदाईको क्षणमा उनले उपराष्ट्रपति ह्यारिसलाई अँगालो हाल्दै नोभेम्बरमा हुन लागेको निर्वाचनका लागि शुभेच्छा प्रकट गरेका थिए ।

"अमेरिका ! अमेरिका !! मैले तिम्रा लागि सक्दो योगदान गरें"–८१ वर्षीय बाइडेनले करीब एक घण्टा लामो सम्बोधनका क्रममा देशभक्तिपूर्ण एक कवितांश उद्धृत गर्दै भने । उनले नोभेम्बरमा डोनाल्ड ट्रम्पविरुद्ध उपराष्ट्रपतिलाई व्यापक समर्थन गर्न मतदातासँग आग्रह पनि गरे ।

सन् २०२४ को ह्वाइट हाउसको दौडबाट बाहिरिने बाइडेनको आश्चर्यजनक निर्णयलाई सम्मेलनमा भेला भएका शुभचिन्तकको भीडले तालीको गडगडाहतसहित भव्य स्वागत गरेको थियो ।

बाइडेनले डोनाल्ड ट्रम्पलाई सङ्केत गर्दै 'आफूलाई पद छोड्ने कुराले कुनै समस्या नपारेको' बताएका थिए । सन् २०२० मा भएको अमेरिकी राष्ट्रपतीय निर्वाचनमा तत्कालीन राष्ट्रपति ट्रम्पले निर्वाचनमा धाँधली भएको भन्दै पदबाट जाने समयमा देखाएको व्यवहारलाई लिएर कतिपय अमेरिकी रिपब्लिकन पार्टीका नेताहरू पनि खुशी थिएनन् ।

बाइडेनको कमजोर प्रस्तुतिका कारण डेमोक्रेटिक पार्टीको निर्वाचनप्रति चिन्ता व्यक्त गरेका डेमोक्रेटहरूको चासोलाई सम्बोधन गर्न र पार्टीलाई पुनः सक्रिय पार्न ह्यारिस सफल भएकी छन् ।

पाँच दशक लामो राजनीतिक जीवनको आसन्न अन्त्यबारे सोचिरहेका बेला उनले ट्रम्प प्रशासन ओभल अफिसमा नफर्कियोस् भनेर आफूले जे सोचेका थिए, त्यही गरेको बताए ।

"मलाई राजनीति मन पर्छ तर म मेरो देशलाई बढी माया गर्छु"–बाइडेनले राष्ट्रपतीय उम्मेदवारबाट गरेको त्याग अमेरिकाको हितका लागि भएको जोड दिंदै भने । उनले राजीनामा माग्ने डेमोक्रेट्सको भावनालाई सम्बोधन गर्दै भने–"म मेरो पार्टी र देशको चिन्ता गर्ने र नेतृत्व गलत व्यक्तिमा नजाओस् भन्ने सबैप्रति रिसाउने होइन, आभारी हुनुपर्छ ।"

प्रथम महिला जिल बाइडेन र छोरी एश्लेको परिचयपछि बाइडेन र ह्यारिस मञ्चमा प्रवेश गर्दा चार मिनेटको लामो तालीको गडगडाहटले स्वागत गरिएको थियो भने प्रतिक्रियामा बाइडेन र ह्यारिस दुवैले आँसु पुछेका थिए ।

'हायर लभ' बोलको गीतमा स्टेजबाट बाहिरिनु अघि बाइडेनले बिदाई भाषण गर्दा दर्शक दिर्घामा रहेका धेरैजनाको गहभरी आँसु भरिएको देखिन्थ्यो ।

ह्यारिसले यस अघि डेमोक्रेटिक पार्टीका उम्मेदवारहरू अधिवेशनको अन्तिम दिनसम्म नबोल्ने भन्दै आफ्ना अग्रज नेताप्रति सम्मानभाव व्यक्त गरेकी थिइन् । "म हाम्रा स्वविवेकी राष्ट्रपति जो बाइडेनलाई पार्टी नेताका रूपमा भव्य कार्यक्रमसाथ बिदाई गरेर अभियानको थालनी गरेको घोषणा गर्दछु ।" "हामी तपाईंप्रति सधैं आभारी छौं"–उनले भनिन् ।

यो निस्सन्देह बाइडेनको लागि एक कठिन बिदाई थियो तर उनले ह्यारिसको अभियानको लागि 'सर्वश्रेष्ठ स्वयंसेवक' हुने प्रण गर्दै आफ्नो विरासतले अमेरिकामा सुशासन कायम राख्नेमा विश्वास व्यक्त गरे ।

बाइडेनले ट्रम्पको कार्यकाल र जनवरी ६, २०२१ को क्यापिटोल दङ्गापछि 'अमेरिकाको आत्मा' लाई निको पार्ने कार्य, अर्थतन्त्र र स्वास्थ्य सेवालगायत आफ्नो गौरवपूर्ण उपलब्धिको सूची प्रस्तुत गरेका थिए ।

आफ्नो कम लोकप्रियता रेटिङ र ट्रम्पविरुद्धको बहसको पराजयका बावजूद बाइडेनले आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताएका छन् ।

राष्ट्रपति बाइडेनले भने–"मैले आफ्नो करियरमा धेरै गल्ती गरेको हुन सक्छु तर मैले तपाईंहरूलाई आफ्नो सर्वश्रेष्ठ सेवा दिएको छु ।"

कार्यक्रममा सन् २०१६ मा अमेरिकाको पहिलो महिला राष्ट्रपति बन्ने होडमा ट्रम्पसँग पराजित भएकी हिलारी क्लिन्टनले ह्यारिसलाई 'शीशाको छानो तोड्न समर्थन गरेको' बताएकी थिइन् ।

"अमेरिकामा केही भइरहेको छ, तपाईं यसलाई महसूस गर्न सक्नुहुन्छ, यो कुराका लागि हामीले लामो समयदेखि काम गरिरहेका छौं र सपना देखेका छौं"–पूर्व विदेशमन्त्री तथा प्रथम महिला क्लिन्टनले अमेरिकामा महिला नेतृत्वलाई सफल बनाउन आफ्नो दल लागेको सङ्केत गर्दै भनिन् ।

यस अघि गाजामा इजरायलको युद्धको विरोधमा भएको प्रदर्शनले सम्मेलनको उद्घाटन छायाँमा पारेको थियो । यसले वामपन्थी र अरब अमेरिकीहरूबीच डेमोक्रेटहरूका लागि सम्भावित मत बाँड्ने कुरालाई जोड दिएको थियो ।

हजारौं मानिसको ठूलो विरोध प्रदर्शनबाट अलग भएपछि प्रदर्शनकारीहरूको एक समूहले अधिवेशनको बाहिरी सुरक्षा घेरा तोडेको थियो ।

नीलो हेल्मेट, ढाल र कालो डण्डा बोकेका प्रहरीले उनीहरूलाई भित्री घेरामा जानबाट रोकेका थिए ।

यसैबीच, डेमोक्रेटिक पार्टीको शीर्ष स्थानमा अचानक भएको परिवर्तनका कारण ट्रम्प विवादमा तानिएका छन् ।

डेमोक्रेटहरू शिकागोमा रहँदा रिपब्लिकनहरूले एक हप्ता लामो देश दौडाहा गरिरहेका छन् । रासस

## पाकिस्तानमा वर्षाका कारण १९ जनाको मृत्यु

बलुचिस्तान, ४ भदौ/एएनआई

पाकिस्तानको बलुचिस्तानमा सोमवार परेको भारी वर्षाका कारण १९ जनाको मृत्यु भएको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) ले जनाएको छ ।

डन न्युजका अनुसार मनसुनी वर्षाले मानवीय तथा भौतिक क्षति पुऱ्याउँदा अन्य ११ जना घाइते भएका छन् भने तीन हजारभन्दा बढी व्यक्ति प्रभावित भएका छन् ।

राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) का अनुसार जुलाई–१ देखि अगस्त–१७ सम्म वर्षाजन्य घटनामा १९५ जनाको मृत्यु हुनुका साथै ३६२ जना घाइते भएका छन् । यसैगरी, विपद्का कारण २,२९३ घर क्षतिग्रस्त भएका छन् ।

पिडिएमएका अधिकारी युनस मेङ्गलले हालैको वर्षाले बलुचिस्तान प्रान्तका १६ जिल्ला प्रभावित भएको तथा राहत कार्य जारी रहेको बताएका छन् । बलुचिस्तानले जुलाई–१ देखि हालसम्म दुई गम्भीर मनसुन घटनाहरूको सामना गरेको डन न्यूजले जनाएको छ ।

बर्षाजन्य प्रकोपको परिणामस्वरूप प्रान्तीय सरकारले कलात, जियारत, अवारन, कच्छी, लोरालाई, सोहबतपुर र लासबेलाका जिल्लाका धेरै युनियन तथा काउन्सिलमा आपत्काल घोषणा गरेको छ ।

सबैभन्दा बढी कलातमा त्यसपछि उस्ता मुहम्मद र सबिबीमा वर्षा भएको रेकर्ड भएको छ ।

सोहबतपुरकी बलुच उपायुक्त फरिदा तरीनले जुडाइर नदीमा जल सतह बढेको बताउँदै यस क्षेत्रमा आएको बाढीले धान खेतमा क्षति पुगेको जानकारी दिइन् ।

बलुचिस्तानको राष्ट्रिय राजमार्ग प्राधिकरणका महाप्रबन्धक आगा इनायतुल्लाले उत्तरी बलुचिस्तानका सबै राष्ट्रिय राजमार्गहरू खुला रहेको र अधिकारी र ठेकेदारहरूले बाढीको क्षति मरम्मत र सडक पहुँच कायम राख्न प्रयास गरिरहेको बताए । रासस



ढुङ्गे बगैंचाः हलेसी तुवाचुङ नगरपालिकास्थित ककनीडाँडामा निर्माणाधीन 'बुङालुङ' ढुङ्गे बगैँचाको रमणीय दृष्य । आन्तरिक तथा बाह्र्य पर्यटकका लागि आकर्षकस्थल बनाउन सङ्घ, प्रदेश र स्थानीय सरकारको संयुक्त लगानीमा धार्मिकस्थल हलेसी नजिकै रहेको ढुङ्गे बगैँचा निर्माणको काम थालिएको हो । तस्बिर : केदार मगर/रासस

## पहिराका कारण राष्ट्रिय राजमार्गका विभिन्न खण्ड अवरुद्ध

काठमाडौं, ४ भदौ/रासस

राष्ट्रिय राजमार्गका विभिन्न स्थानमा पहिरो जाँदा सवारीसाधन आवतजावतमा समस्या उत्पन्न भएको छ । सडक विभागले आज सार्वजनिक गरेको तथ्याङ्क अनुसार मुलुकभर पहिराका कारण राष्ट्रिय राजमार्गका सातवटा खण्ड अवरुद्ध भएका छन् भने २४४ सडकखण्ड एकतर्फी रूपमा मात्रै सञ्चालनमा छन् ।

मदनभण्डारी राजमार्गको प्यूठानस्थित एनएच जीरो नाइन सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । प्युठानस्थित गर्जेनीमा भालुवाङ–लिवाङ–रोल्पा–माडीचौर–दारबोट खण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । मोरङको चतरा–मुलघाट–माझीटार–अमापु डाँडा–गणेशचोक राजमार्गस्थित चतरा पुलदेखि बराहक्षेत्र जाने सडकखण्ड पनि पूर्ण रूपमा अवरुद्ध हुँदा सवारी साधन आवतजावतमा समस्या परेको छ ।

यसैगरी सुर्खेत तल्लो ढुङ्गेश्वर–सातखब्बा–दुल्लु–पिपलकोट–खुलालु–मन्मा–नग्मा–जुम्ला राजमार्गको कालीकोटस्थित गाल्जे खण्ड पनि पूर्णरूपमा अवरुद्ध भएको छ ।

पुष्पलाल मध्यपहाडी लोकमार्गको




पाँचथरस्थित यलम्बर सडकखण्ड पूर्ण अवरुद्ध भएको छ । यसैगरी तानसेन–रिडी–कोरला राजमार्गको गुल्मीस्थित अच्चेश्वर गुफा नजीकको सडकखण्ड र राप्ती राजमार्गको सल्यानस्थित चोरखोला सडकखण्डसमेत पूर्णरूपमा अवरुद्ध भएको सडक विभागको तथ्याङ्क रहेको छ । भूगर्भविद् डा सुबोध ढकालले वर्षाका कारण माटो गलिसकेकोले हल्का वर्षा हुँदा पनि पहिरोको जोखिम बढी हुने भएकोले सतर्क हुन जोड दिएका छन् । "अविरल वर्षाका कारण माटो गलाएको छ । अहिले त थोरै पानी पर्नासाथ पहिरो जान थालेको छ"–उनले भने–"त्यसैले अत्यावश्यक काम परे मात्र हिंडडुल गर्न अनुरोध छ ।"

### कृषिमा हामीले......

त्यसो भएपछि उनीहरूले ढाट्ने ठाउँ हुँदैन । यो कुरालाई क्षेत्र क्षेत्रको योजना बनाऔं ।

कृषिमा परिवर्तन र रूपान्तरण नल्याई हाम्रो देशको विकास सम्भव छैन । सन् १९३० मा अमेरिकामा हरित क्रान्ति आयो, युरोपमा सन् १९४० मा आयो । भारतमा सन् १९६८ मा आयो । सन् १९६८ मा भारतले हरित क्रान्तिलाई धेरै अगाडि बढायो । त्यसकारण अहिले डेढ अर्ब जनसङ्ख्यालाई खुवाएर पनि बाहिर पठाउँछ, हामीलाई बेच्छ । हाम्रो जनसङ्ख्या तीन करोड मात्रै छ तर हामीले उत्पादन गरेको वस्तुले खान पुग्दैन । पहिलेको जस्तो ढाँचाले होइन, अहिले भारतीय प्याज हेर्नुभयो जापान र चीनको जस्तै भएको छ । जापान र चीनले ठूलो फलाउँछन् । अहिले भारतले पनि त्यही गर्छ । त्यो सन् १९६५ देखि शुरू गरेर १९६८ सम्म ग्रीन रिभुलुशन अगाडि बढायो । उसका भैंसी गुजराती भनेर चिनिने भए । बेलायतबाट ल्याएको गाई भनेर टाटेपाटी गाईलाई भन्ने चलन थियो । अहिले जर्सी गाई भन्छन्, उहिले बेलायती भन्थे । बैठक कक्ष अलिक गतिलो बनायो भने बेलायती हुन्थ्यो । गतिलो भएपछि बेलायती गाई, बेलायती कुकुर । केही अलि सप्रियो भने यो त बेलायती नै रहेछ नि भन्थे । भारतले बेलायतका र अन्यत्रबाट केही ल्यायो । अरू देशले प्रगति गरिरहँदा नेपालमा त चकमन्न थियो । पञ्चायतकाल आयो, महेन्द्रले विकास गर्न खोजेको अलिक देखियो । तर, महेन्द्रको विकासको गति २०२० देखि २०२४ सालसम्म रफ्तारमा चल्यो । अहिले पनि धेरै भवनहरू तिनैताका बनेका हुन् । पञ्चायतकालीन भवनमैं हामी चलिराखेका छौं । त्यतिबेला विश्वविद्यालय एउटै मात्र थियो होला तर पर्याप्त नै थियो नि त्यस बेलाको विकासको तहमा । अनिवार्य तथा निश्शुल्क प्राथमिक शिक्षा भनेर शुरू गरे । पाँच कक्षासम्म त मान्छेले अनिवार्य तथा निश्शुल्करूपमा पढ्न पाएका थिए । त्यसबेला उत्साह के थियो भने एसएलसी पास गरेका शिक्षकहरू पाइँदैनथे । कोही कोही माविहरूमा त एसएलसी पास नगरेका शिक्षकहरू थिए र प्रधानाध्यापक नै एसएलसी पास गरेका थिए । आइए पास गरेका त यदाकदा थिए हाइस्कूलमा । त्यहींका तेज विद्यार्थीले त्यहींका विद्यार्थीलाई क्लास लिन्थे शिक्षक नभएर । तर नतीजा राम्रो थियो । पूर्वाधार थिएन, ज्ञान सम्प्रेषणको कला अलिक बढी हुन खोज्थ्यो । नजान्ने शिक्षकले इतिहास घोकाइदिन्थे । अब घोकाउने थालेपछि घोक्नै सकेन भने याद त हुने भयो नि । त्यसो भएर त्यो जमानाबाट हामी भर्खरै भर्खरै आयौं । अब हामीले आमूल परिवर्तन ल्याउनु छ, कृषिमैं ल्याउनु छ । त्यसकारण म तपाईंहरूसँग क्षेत्रगतरूपमा के के गर्ने योजना बनाउनुस् भन्छु । सिंचाइका क्षेत्रमा के गर्नुपर्छ ? फलफूलमा के गर्ने ? अन्नबालीमा पनि धान, गहुँ, मकै, फापर, कोदोलगायत विभिन्न बालीमा के गर्न सकिन्छ ? यसमा हाम्रो लक्ष्य के हो ? गन्तव्य के हो ? तोकेर त्यसमा नीति बनाऔं । त्यो नीति कार्यान्वयन गर्न कार्यक्रम बनाऔं । कार्यक्रम बनाएपछि लक्ष्य तोकेर त्यसलाई हासिल गर्नेगरी अगाडि बढौं । यसबाट नै सुखी नेपाली, समृद्ध नेपाल निर्माणको अभियान पूरा गर्न सकिन्छ ।

**-प्रधानमन्त्री केपीशर्मा ओलीले साउन ३२ मा कृषि तथा पशुपक्षी मन्त्रालयका पदाधिकारीहरूलाई दिएको निर्देशनको सम्पादित अंश)**



# भौतिकवादी समाजको मकवानपुर र रौतहट भेला सम्पन्न

प्रस, वीरगंज, ४ भदौ/

भौतिकवादी समाज नेपालको प्रथम




मकवानपुर भेला सम्पन्न भएको छ।

रौतहट जिल्ला अध्यक्ष विनोद काफ्ले सहजकर्ता रहेका भेलामा केन्द्रीय अध्यक्ष वैद्यनाथ श्रमजीवीले विवाहित महिलाहरूलाई चुरा, सिन्दुर, लिपिस्टिकआदिसँग माया बस्नु भनेको पुरुषप्रधान समाजको दासतासँग माया बस्नुरहेको बताए।

उनले नेपाल-भारत जस्तो देशमा सबैभन्दा बढी अन्धविश्वास मान्ने महिलाहरू नै रहेको बताए। अब महिलाहरू अन्धविश्वास रुढिवाद र पाखण्डबाट मुक्त हुन जरुरी रहेको बताए। एकाइसौं शताब्दी विज्ञान र प्रविधिको युग हो। अब पनि अन्धविश्वासमा रुमलिनु भनेको मूर्खता बाहेक अरू केही होइन उनले भने।

अन्तर्क्रियामा पत्रकार सम्झना घिमिरे तथा पुरुषोत्तम आचार्य, दिलबहादुर सुनार, गणेश विश्वकर्मा, सुदिप विश्वकर्मा, प्रमिला सुनार, रोमिन ओली लगायतले जिज्ञासा राखेका थिए।

भेलाले गणेश विश्वकर्माको अध्यक्षतामा दुई सदस्य पछि थप्नेगरी सात सदस्यीय मकवानपुर जिल्ला सम्मेलन आयोजक समिति निर्माण गरेको छ। जसको सचिव सुदिप विश्वकर्मा र कोषाध्यक्ष रोमिन ओली तथा सदस्यहरू दिलबहादुर सुनार र पुरुषोत्तम आचार्य



रहेका छन्।

यसैगरी भौतिकवादी समाज रौतहटको जिल्ला भेला पनि सम्पन्न भएको छ। समाजका केन्द्रीय अध्यक्ष वैद्यनाथ श्रमजीवीको उपस्थितिमा भएको भेलाको सहजकर्ता समाजको साधारण सदस्य विनोद काफ्ले थिए।

कार्यक्रममा २० जना सदस्यले आआफ्नो धारणा, अनुभूति र अनुभव राखेका थिए।

सदस्य काफ्लेले यतिबेला कम्युनिस्टहरू आफूलाई मार्क्सवादी बताउने गर्छन् आफ्नो दर्शन द्वन्द्वात्मक भौतिकवादी बताउने गर्छन् तर व्यवहारमा कसैले पशुपतिमा सुनको जलहरी चढाउने कसैले भैसीको पूजा गर्ने कोही चाहिं लामाको चरणमा त्वम् शरणम् गच्छामि हुने जस्तो परिस्थिति हेर्दा मानिसहरूमा भ्रम उत्पन्न हुन थालेको बताए।

कार्यक्रममा सौगात विश्वकर्मा, आकाश बस्नेत, दीपेन्द्र शाह, विनोद राम, गणेश बस्नेत, राजेन्द्र श्रेष्ठले मन्तव्य राखेका थिए।

भेलाले १७ सदस्य जिल्ला सम्मेलन तयारी समिति गठन गरेको छ। जसको अध्यक्ष विनोद काफ्ले, सचिव सौगात विश्वकर्मा, सदस्यहरूमा मनोज विश्वकर्मा, सरला क्षत्री, धनदेव जोशी, आकाश बस्नेत, शिवदयाल राउत, जितेन्द्रप्रसाद शाह, विनोदराम, रामज्ञा राम, दिपेन्द्र विश्वकर्मा, सुरेन्द्र शाह, नरबहादुर थापा, मिथुन सहनी, राजेश कुमार दास, रामप्रसाद आचार्य र लक्ष्मण खनाल रहेका छन्।

समाजको सल्लाहकार गणेश बस्नेत र राजेन्द्र श्रेष्ठ छन्।

# खेलकूदको संसार

## श्रीलङ्का हार्‍यो, नेपाल र बङ्गलादेश सेमिफाइनलमा

काठमाडौं, ४ भदौ/

बङ्गलादेशले मङ्गलवार श्रीलङ्कामाथि सहज जीत निकाल्दै साफ यु-२० च्याम्पियनसीपमा सुखद शुरूआत गरेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको समूह 'ए'को खेलमा बङ्गलादेशले श्रीलङ्कामाथि २-० को जीत निकालेको हो।



तस्वीरः एजेन्सी

श्रीलङ्काको हारसँगै यो समूहबाट बङ्गलादेश र नेपाल सेमिफाइनलमा पुगेका छन्। तीन राष्ट्र सम्मिलित समूहमा श्रीलङ्काले लगातार दोस्रो हार बेहोरेपछि सेमिफाइनलमा पुग्ने टोली तय भएको हो। श्रीलङ्काले पहिलो खेलमा घरेलु टोली नेपालसँग ०-१ को हार बेहोरेको थियो।

अब नेपाल र बङ्गलादेशबीच समूह विजेताका लागि बिहीवार खेल हुनेछ। मङ्गलवार बङ्गलादेशले श्रीलङ्कालाई पहिलो हाफ पूर्ण दबाबमा राखेर खेल्यो। खेलको शुरूआतदेखि नै बङ्गलादेशले लगातार अवसर पाए पनि सफल हुन सकेन। तर १८औं मिनेटमा श्रीलङ्काको खराब डिफेन्सको फाइदा लिंदै अग्रता लियो। रवि हुसेन राउलले लेफ्ट साइडमा दिएको बललाई पेनाल्टी बक्समा एक्लै रहेका मिराजुल इस्लामले वान टच गोल गरे। २९औं मिनेटमा रुस्तम इस्लाम डुखु मियाँले अग्रता दोब्बर बनाउने अवसर गुमाए। उनले नजीकैबाट गरेको प्रहार आकाशिन पुग्यो। बङ्गलादेशका चन्दन रोयले ३८औं मिनेटमा करीब २२ यार्ड टाढाबाट गरेको फ्री किक प्रहार श्रीलङ्काका गोलकिपर अहमेद फुलैलले रोकेर असफल पारेका थिए। पहिलो हाफको इन्जुरी समयमा बङ्गलादेशका स्ट्राइकर मिराजुल इस्लाम श्रीलङ्काका गोलकिपर फुलैलसँग वान भर्सेस वानको अवस्थामा गोल गर्न असफल भए। श्रीलङ्काले पहिलो हाफमा खासै राम्रो अवसर बनाउन सकेन।

दोस्रो हाफमा पहिलो अवसर सिर्जना हुन ५९औं मिनेट पर्खनुपर्‍यो। स्यान मोहम्मद साहिलले राइट कर्नरबाट गरेको सशक्त प्रहार बङ्गलादेशका गोलकिपरले पन्च गर्दै आफनो टोलीको अग्रता जोगाइराखे। बङ्गलादेशले ६३औं मिनेटमा कर्नरबाट गरेको प्रहार श्रीलङ्काका गोलकिपरले उत्कृष्ट बचाउ गरे।

८५औं मिनेटमा बङ्गलादेशले अग्रता दोब्बर बनायो। पियास अहमेद नोभाले पेनाल्टी बक्सबाटै उत्कृष्ट गोल गरे। त्यसपछि पनि बङ्गलादेशले केही अवसर बनाए पनि सफल हुन नसके पनि श्रीलङ्कामाथि २-० को जित निकाल्यो। भोलि बुधवार भूटान र माल्दिभ्सबीच खेल हुनेछ। - एजेन्सीको सहयोगमा

# बाढी, पहिरोलगायत विपद्मा परी हालसम्म १९० को मृत्यु

काठमाडौं, ४ भदौ/रासस

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्मा परी सोमवार दिउँसोसम्म १९० जनाको मृत्यु भएको छ।

विपद्मा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ३२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३६, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ गरी १९० जनाको मृत्यु भएको नेपाल प्रहीले जानकारी दिएको छ।

आज नेपाल प्रहरीले जारी गरेको तथ्याङ्क अनुसार काठमाडौं उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २३, गण्डकी प्रदेशमा ४५, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा ३४ गरी २३८ जना घाइते भएका छन्। साथै काठमाडौं उपत्यकामा २८, कोशी प्रदेशमा ४९, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा १४, लुम्बिनी प्रदेशमा चार, कर्णाली प्रदेशमा दुई र सुदूरपश्चिम प्रदेशमा पाँचगरी ११४ जनाको उद्धार गरिएको छ। बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४९ जना बेपत्ता भएका छन्।

बाढीको कारण जम्मा ३८४ घर डुबानमा परेका छन् भने ३२७ वटा घर, ११२ वटा गोठ, ५१ वटा पुल, चारवटा विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ। साथैगरी विपद्मा परी ८५२ वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट ४,८१९ घर परिवार विस्थापित भएका छन्।




## दुर्घटनामा एकजनाको मृत्यु

प्रस, वीरगंज, ४ भदौ/

मोटरसाइकल र टेम्पो ठोकिंदा एकजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन्।

कलैयाबाट धर्मनगर जाँदै गरेको ना ५४ प ४७४८ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको ना २ ह ५३७२ नम्बरको टेम्पो ठोकिएका थिए।

दुर्घटनामा मोटरसाइकल चालक कलैया उपमहानगरपालिका-१२ धर्मनगरका २४ वर्षीय रमाकान्त पटेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए।

मोटरसाइकलमा सवार अन्य तीनजना सामान्य घाइते भएका छन्। मोटरसाइकलमा चारजना सवार भएकाले दुर्घटना भएको प्रवक्ता सापकोटाले बताए।

## विपद् व्यवस्थापनमा सहयोगी बनौं

- विपद्ले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपद्मा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवन रक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुर क्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, ज्येष्ठ नागरि क र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्धार, राहत, पुनर्स्थापना, पुनर्लाभ सहभागी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेवार समुदायले गाईजात्रा निकाले




प्रस, वीरगंज, ४ भदौ/

वीरगंजमा रहेका नेवार समुदायले गाईजात्रा पर्व मनाएका छन्। नेवार समुदायले मनाउने आठवटा जात्रा अघि यो जात्रा पितृको सम्झनामा मनाउने गर्छन्।

मङ्गलवार अलखियामठबाट वीरगंज सापारु (गाईजात्रा) समितिको आयोजनामा जात्रा निकालिएको थियो। नगर परिक्रमा गरेर सोही स्थलमा जात्रा समापन भएको थियो। यसपटकको जात्रामा २५ जना परिवार सहभागी भएका थिए।

प्रत्येक वर्ष मृत्यु भएका व्यक्तिको सम्झनामा सोको परिवारले गाईजात्रा निकान्छ।

## राजावादीले जन्मोत्सव मनाए



प्रस, वीरगंज, ४ भदौ/

देशभक्त राजभक्त समूहले पूर्व मुमा बडामहारानी रत्नराज्य लक्ष्मी देवी शाहको ९७ औं जन्मोत्सव आज वीरगंजको महावीर मन्दिर प्राङ्गणमा मनाएको छ।

समूहका अध्यक्ष दीपेन्द्रप्रसाद रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सतीशकुमार श्रीवास्तव, पशुपति विक्रम शाह, उषा शाह, पृथ्वी झा, वीरेन्द्र थापा, रामनारायण साह, नरेश चौधरी, महेन्द्रप्रसाद साह, शम्भु चौरसिया, सुशील लामा, ध्रुवसिंह ठकुरी, विनोद साहलगायतको सहभागिता थियो।

यसैगरी नेपाल राष्ट्रवाद सङ्घले पनि ९७ औं जन्मोत्सवको अवसरमा र्‍याली निकालेको छ।

सङ्घका जिल्ला अध्यक्ष सङ्गीतादेवी साह, पृथ्वी झा, उमाशङ्करप्रसाद विश्वनाथ पटेल, विष्णु कुमार, हरेराम रौनियार, सन्तोष गुप्ता, बजरङ्ग बलि साह, राधाकृष्ण चौहानलगायतको सहभागिता थियो।